# अध्याय : एक (CHAPTER:ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

सामुदायिक वनको संरक्षण, विकास र व्यवस्थापन गर्नका लागि उपभोक्ताको प्रत्यक्ष सहभागिता र स्थानीय स्तरबाटै योजना निर्माण गरी समुदायको वन विकास कार्यक्रमले वनमा सहभागी उपभोक्ताहरुलाई प्रजातान्त्रिक प्रक्रियामा आवद्ध गराई वनको संरक्षण, विकास र व्यवस्थापनका लागि आवश्यक निर्णय प्रक्रियाको सहभागी हुने अवसर प्रदान गरेको छ । आफ्नो क्षेत्रको सामाजिक, आर्थिक तथा शैक्षिक विकासका भौतिक पूर्वाधार र वातावरणीय पुँजी निर्माण गर्न उपभोक्ताहरु आफै सहभागी भएका हुन्छन् । उपभोक्ताहरुले समुदायको हित अनुकूल निर्णय लिइ वन पैदावार सहुलियत दरमा उपभोक्तालाई वितरण गरी आवश्यकता अनुसार वन पैदावारको उपयोग गर्छन् । साथै वनको संरक्षण र उपभोग गर्दा उपभोक्ता विच बेला बखत देखा पर्ने समस्या आपसी छलफल र संवादबाट स्थानीय तहमा नै समाधान गर्छन् यसकारण सामुदायिक वन विकास कार्यक्रमले उपभोक्ताहरुलाई वनको संरक्षण, विकास र व्यवस्थापनका साथै वन पैदावारको उपभोगमा प्रत्यक्ष सहभागी गराउनाले यो कार्यक्रम नेपालमा सफल हुनका साथै लोकप्रिय बन्दै गएको छ ।

सामान्यतया पूर्ण वा आंशिक रुपमा रुखहरुले ढाकिएको क्षेत्रलाई वन भनिन्छ । विश्व खाद्य संगठनका अनुसार ०.५ हेक्टर भन्दा वढी क्षेत्रमा फैलिई ५ मिटरभन्दा वढि रुखहरुको उचाई भई १० प्रतिशत भन्दा बढी छत्र घनत्व भएको क्षेत्रलाई वन भनी उल्लेख गरेको छ । नेपालको कूल क्षेत्रफल (१४.७३ मिलियन हेक्टर) को वनक्षेत्रले करिव (४.२७ मिलियन हेक्टर) २९ प्रतिशत र झाडी वुट्यान क्षेत्रले (१.५६ मिलियन हेक्टर) १०.६ प्रतिशत गरी दुवैले (५.८३ मिलियन हेक्टर) ३९.६ प्रतिशत ओगटेको छ (अर्थ मन्त्रालय, २०७२) ।

वन ऐन २०४९ मा राष्ट्रिय वनलाई व्यवस्थापनको दृष्टिकोणले विभिन्न किसिमले वर्गीकरण गरिएको छ जुन यस प्रकार रहेको छ ।

| वनको किसिम | | |
|---|---|---|
| राष्ट्रिय वन | | निजी वन |
| राष्ट्रिय वनको वर्गीकरण | वन ऐन २०४९ को व्यवस्था | निजी वनको वर्गीकरण |
| १) सरकारद्वारा व्यवस्थित वन | परिच्छेद ३ दफा २१ र २२ | वन ऐन २०४९ परिच्छेद ८ दफा (३८-४०) मा व्यवस्था गरिएको छ । निजी वनको थप वर्गीकरण गरेको छैन । |
| २) संरक्षित वन | परिच्छेद ४ दफा २३ र २४ | |
| ३) सामुदायिक वन | परिच्छेद ५ दफा २५-३० | |
| ४) कबुलियती वन | परिच्छेद ६ दफा ३१-३४ | |
| ५) धार्मिक वन | परिच्छेद ७ दफा ३५-३७ | |
| ६) साझेदारी वन | २०४९ मा उल्लेख छैन । यसलाई संशोधित वन नीति २०५६ मा व्यवस्था गरेको छ । | |

स्रोत: ओली तथा साथीहरु, २०७० ।

नेपाल सरकारले वन क्षेत्रको संरक्षण गर्न राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्षण संरक्षण क्षेत्र सिकार आरक्ष तथा मध्यवर्ती क्षेत्र गरी देशको कुल वनक्षेत्रको १९.४ प्रतिशत क्षेत्रफल संरक्षित क्षेत्रका रुपमा घोषणा भई व्यवस्थापन भइरहेको छ । त्यसैगरी सरकारले सामुदायिक वन कबुलियती वन र साझेदारी वनको घोषणा गरी समुदायको संरक्षणको जिम्मा दिएको छ । यसलाई निम्नानुसार देखाउन सकिन्छ ।

| विवरण | आ.व. ०६६/६७ | आ.व. ०६६/६७ | आ.व. ०६६/६७ |
|---|---|---|---|
| सामुदायिक वन | | | |
| सामुदायिक वन उपभोक्ता समूह संख्या: | १४६८६ | १५२५६ | १५५३५ |
| हस्तान्तरित सामुदायिक वनको अध्ययन (हेक्टर) | १२३३०१२ | १३५०६५५ | १३७८५५५ |
| लाभान्वित घरधुरी संख्या | १६६१४८२ | १७८२५५० | १८१६६८६७ |

| | | | |
|---|---|---|---|
| कबुलियती वन | | | |
| कबुलियती वन उपभोक्ता समूह संख्या | ३४३९ | ४०८० | ४७२१ |
| हस्तान्तरित कबुलियती वनको क्षेत्रफल (हेक्टर) | १६१६८.७२ | १९९०.६ | २३१९६.६ |
| लाभान्वित घरधुरी संख्या | ३२३९७ | ३८४३६ | ४३७४७ |
| साझेदारी वन | | | |
| नमुना कार्यक्रम संचालित जिल्ला | वारा, पर्सा, रौतहत, सर्लाही | वारा, पर्सा, रौतहत, सर्लाही, महोत्तरी | वारा, पर्सा, रौतहत, सर्लाही, महोत्तरी, कपिलवस्तु, रुपन्देही, नवरापरासी, कैलाली |
| साझेदारी वन समूह संख्या | ४ | ९ | १७ |
| साझेदारी वन क्षेत्रफल (हेक्टर) | ८६७५ | २२७३० | ४३४४५ |
| लाभान्वित घरधुरी संख्या | | २४४३८६ | ३६३०३० |
| लाभान्वित जनसंख्या | | | २९७९१२५ |

स्रोत : आर्थिक सर्वेक्षण, २०६८/६९ ।

विश्व परिवेशमा नै नेपालको सामुदायिक वन विकास कार्यक्रम उत्कृष्ट भएको मानिन्छ । यो देशको लागि गौरवको विषय हो र यसले नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान राम्रो बनाउन सकेको छ । विश्वभर वन क्षेत्र मासिदै गएको अवस्थामा नेपालले वनको संरक्षण सम्बद्धन र विस्तारमा पाएको सफलता सबैका लागि अनुकरणीय छ । समुदायको अथक प्रयासले ३० वर्ष अघिको पहाडी वन क्षेत्रको दयनीय स्थितिलाई चिर्दै वनको विकास, संरक्षण र सम्बद्धनमा महत्वपूर्ण भूमिका खेल्न सफल भएको छ । सफल हुनुको मुख्य कारण स्थानीय समुदायमा केन्द्रित कार्यक्रम हो । सामुदायिक वन उपभोक्ता कार्यक्रमले वन उपभोक्तालाई वैज्ञानिक र संस्थागत रुपमा संगठित गर्दै वनको व्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ । हाल आएर सामुदायिक वन उपभोक्ता समूहलाई ठाउँ स्तरको प्रभावकारी र दिगो सामाजिक तथा विकासमुखी संस्थाको रुपमा लिएको छ (वन विभाग, २०६७) ।

नेपालमा सञ्चालित सामुदायिक वन उपभोक्ता समूहले समुदायका सबै खाले दैनिक आवश्यकता पूरा गर्ने देखि गरिबी निवारण र महिला जागरणमा समेत योगदान पुऱ्याएको छ  पिछडिएका समुदायलाई विभिन्न सिपमूलक तालिमको व्यवस्था मिलाई उनीहरुलाई आयमूलक कामका लागि सक्षम बनाउन सामुदायिक वनले सहयोग गरेको छ । सामुदायिक वन मार्फत् नेपालमा विभिन्न जिल्लाहरुमा विद्यालय स्थापना भएका छन्, सामुदायिक वनबाट संकलित रकमले गरिब तथा जेहेन्दार छात्र छात्राहरुलाई छात्रवृत्ति प्रदान गरिएको छ । स्थानीय जनताहरुको सक्रिय सहभागितामा वनको दिगो विकासले उपभोक्ताहरुलाई दैनिक रुपमा आवश्यक पर्ने घाँस, दाउरा, काठ तथा अन्य वन पैदावारमा आत्म निर्भर बनाउँदै वातावरणीय सन्तुलन समेत कायम गरि आय आर्जन बढाउँदै र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सामुदायिक वन विकास कार्यक्रमले महत्वपुर्ण भूमिका खेल्दै आएको छ । सामुदायिक वन विकास कार्यक्रमका लागि संचालित विभिन्न आयोजना तथा परियोजनाहरुमा दातृ संस्थाहरुको पनि सहयोग रहेको छ । सामुदायिक वन कार्यक्रमको शुरुका दिनमा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा बिरुवा रोप्दै हरियाली बनाउने तथा घाँस दउरा जस्ता दैनिक आवश्यकता पूर्ति गर्नु रहेको थियो तर हाल आएर कार्यक्रमको व्यापक र फलता बढ्दै जाँदा पर्यटन गरिबी निवारण महिला जागरण र पिछडिएका समुदायलाई विभिन्न सिपमुलक तालिमको व्यख्या गरि आय आर्जनको काममा सक्षम बनाई व्यक्तित्व विकास निर्माणका साथै जैविक विविधताको संरक्षण जल सम्पदा खनिज इन्धनको स्रोत भौतिक निर्माण तथा पर्यावरणीय सन्तुलन कायम राख्नमा सामुदायिक वन कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

हाल विश्वव्यापी रुपमा बढेको हरित गृह ग्याँसको उत्र्सजनले वायुमण्डलको तापक्रम बढ्दै गएकोले विद्यमान जलवायुमा समेत प्रतिकुल प्रभाव पर्न थालेको छ । वनजंगलले हरित गृह ग्यासलाई सोस्ने हुँदा वायुमण्डलको तापक्रम कम गर्नमा वन विकासको ठूलो भूमिका छ तर औद्योगिक राष्ट्रहरुले शुरुमा कार्बन क्रेडिटको प्रावधान अन्तर्गत नयाँ वन जंगल आएको हुनुपर्ने र प्राकृतिक वन जंगललाई समावेस गर्न नमिल्ने तर्क अघि सारेकोले सामुदायिक वन यसमा समेटिन सकेन । सामुदायिक वन संरक्षणमा समुदायले गरेको वर्षौको लगानी र मेहनतले सामुदायिक वन विशुद्ध प्राकृतिक वनको रुपमा मात्र लिन नमिल्ने र हरित गृह ग्यासलाई कम गर्नमा समुदायको योगदानको उचित कदर गर्न सामुदायिक वनलाई कार्बन क्रेडिटमा समावेश गर्नुपर्ने दवाव निरनतर बढेपछि

इन्डोनिशयाको वालीमा सन् २००७ सालमा भएको सम्मेलनले यसमा पुर्न विचार गर्न दवाव थप्यो । अव सोही अनुसार नेपालको प्राकृतिक र बृक्षारोपण भएका सामुदायिक वनले पनि कार्बन क्रेडिटमा प्रवेश पाउने भएको छ । यस अर्थमा जनताका आधारभूत आवश्यकता पूरा गर्न सुरु गरिएको नेपालको सामुदायिक वन किसिमको यो प्रयासले अन्ततोगत्वा विश्वव्यापी रुपमा देखापरेको जलवायु परिवर्तनलाई समेत न्यूनिकरणका लागि योगदान गर्न सफल भएको छ (वन विभाग, २०६७) ।

परापूर्वकालदेखि संरक्षण र उपभोग गर्दै आएका स्थानीय समुदायलाई उनीहरुको सामुहिक हितको लागि नेपाल सरकारको कार्ययोजना वमोजिंम बनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वनपैदावारको मूल्य निर्धारण गरेर विक्रि वितरण गर्न पाउने गरी जिल्ला वन कार्यालयबाट विधिवत रुपमा सुम्पिएको वनलाई सामुदायिक वन भनिन्छ ।

सामुदायिक वनको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा राष्ट्रिय वन योजना २०३३ नै यसको मुख्य आधार मानिन्छ । यस योजनाको आधारमा २०३५ सालमा पञ्चायत वन र पञ्चायत संरक्षित वन नियमावलीलाई वनको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय निकायलाई सुम्पने प्रक्रिया सुरु भएको थियो र वन विकास गुरुयोजना २०४५ ले यो कार्यक्रमलाई क्षेत्रको पहिलो प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा राखेको छ । त्यसपछि वनेको वन ऐन २०४९ र वन नियमावली २०५१ ले सामुदायिक वन उपभोक्ता समुहलाई अविछिन्न उत्तराधिकारवाला स्वसासित र संगठित संस्थाको रुपमा स्थापित गरी वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने जिम्मेवारी सुम्पेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले समेत स्वच्छ वातावरणमा नागरिकले वाँच्न पाउने हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको र सो को लागि राज्यले आवश्यक व्यवस्था समेत मिलाउने गरी संवैधानिक दायित्व समेत तोकिएको अवस्था छ (वन विभाग,२०६५) ।

सरकारी तथ्याङ्कलाई हेर्दा आर्थिक बर्ष २०७१/७२ को अन्तमा आइपुग्दा देशभरमा सामुदायिक वनको संख्या १८४७१ वटा पुग्न गएको पाइन्छ । यसमा २२७८७६९ घरधुरी आवद्ध छन् । विधिवत दर्ता भएका सामुदायिक वनको १७३१४८२ हेक्टर वनक्षेत्र समुदायमा हस्तान्तरण भई व्यवस्थापन हुँदै आएको छ (अर्थ मन्त्रालय, २०७२) ।

वनक्षेत्रका प्रमुख समस्याहरुमा बढ्दो वन अतिक्रमण, वन डढेलो, अनियन्त्रित चरीचरण, काठ दाउरा लगायत अन्य गैर काष्ठ वनपैदावरको चोरी निकासी, वैज्ञानिक वन व्यवस्थापनको अभाव, वसोवास पुर्नवासको लागि वन क्षेत्रको वितरण गर्ने सरकारी नीति, देशको वर्तमान तरल राजनीतिक अवस्थाको कारण ऐन, नियम तथा तिनिहरुको फितलो कार्यान्वन र समसामयिक चुनौतीहरुसँग प्रतिकार गर्न सक्ने खालको जुझारु संगठनको विकास हुन नसक्नु आदि छन् । यी विविध समस्याहरुका कारण्ले गर्दा नेपालको कुल भू भाग मध्ये कृषि र चरन क्षेत्र बढ्दै गएको र वन क्षेत्रको क्षेत्रफल घट्दै जाने क्रममा रहेको छ । जनसंख्या वृद्धि, गरीवि, वसाईं सराई, बढ्दो वेरोजगारी, अशिक्षा, नागरिकको वसोवासको अधिकारको प्रत्याभूति हुन नसक्नु, नीतिगत अस्पष्टता एवं कार्यान्वयन पक्षमा रहेका कमीकमजोरीका कारण वन अतिक्रमण एक जटिल समस्या वन्न पुगेको छ । खासगरी वन स्रोतको परम्परागत एवं आधुनिक किसिमले समुचित संरक्षण र व्यवस्थापन गर्दा गर्दै पनि बढ्दो जनसंख्याको वनपैदावारको माग पुरा गर्न वन क्षेत्रको कृषि भूमिमा रुपान्तरण, आर्थिक लाभका लागि वन फँडानी, आपराधिक शैलीमा चोरी निकासी, वन क्षेत्रको जग्गा स्कुल, कलेज, अस्पताल, जलविद्युतजस्ता विकासका लागि प्रयोग, मुक्तकमैया बसाईं सराई सुकुम्वासी भूमिहीन दैवीप्रकोप पीडित आदिलाई पनि वसोवास गराइने जस्ता कारणले वन क्षेत्र घट्ने क्रम जारी रहेको छ (वन अतिक्रमण रणनीति २०६८) ।

स्थानीय जनताहरुको सक्रिय सहभागितामा वनको दिगो विकासले उपभोक्ताहरुलाई दैनिक रुपमा आवश्यक पर्ने घाँस दाउरा, काठ तथा अन्य वन पैदावारमा आत्मनिर्भर बनाउदै वातावरणीय सन्तुलन समेत कायम गरी, आय आर्जन बढाउदै र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सामुदायिक वन विकास कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सामुदायिक वन विकास कार्यक्रमका लागि संचालित विभिन्न आयोजना तथा परियोजनाहरुमा दातृसंस्थाहरुको पनि सहयोग रहेको छ । सामुदायिक वनको व्यापक र सफलता बढ्दै जादा पर्यटन, गरिबी निवारण, महिला जागरण र पिछडिएका समुदायलाई विभिन्न सीपमूलक तालिमको व्यवस्था गरि आय आर्जनको काममा सक्षम बनाई व्यक्तित्व विकास निर्माणका साथै जैविक विविधताको संरक्षण, जलसम्पदा, खनिज इन्धनको स्रोत, भौतिक निर्माण तथा पर्यावरणीय सन्तुलन कायम राख्नमा सामुदायिक वन कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ यस्ता विभिन्न कार्यक्रम सञ्चालन गर्दा स्थानिय उपभोक्ताको आर्थिक स्तर माथि उठ्नुका साथै उनिहरुको जिवनस्तरमा सुधार आउछ । केन्द्र देखी स्थानिय स्तरमा शैक्षिक क्षेत्रसंग सम्वन्धित कार्यक्रमहरु संचालन

भइरहेका छन । विद्यालयलाई वृक्षारोण गर्नको लागि विरुवा उपलव्ध गराई, सहुलियत दरमा काठ दाउरा उपलव्ध गराई, विभिन्न चेतनामुलक कार्यक्रम सञ्चालन गरेर शिक्षाको गुणस्तर अभिवृदिका लागि ठूलो योगदान रहेको हुनाले सामुदायिक वनको शिक्षा र आर्थिक क्षेत्रसंग बलियो सम्वन्ध रहेको देखिन्छ । यि विभिन्न सम्वन्ध तथा महत्वलाई मध्यनजर गरि मेरो अध्ययनले पर्वत जिल्ला कटुवाचौपारी गा.वि.स.मा अवस्थित सानिपाखा सामुदायिक वनले स्थानीय उपभोक्ताको जीवनस्तरमा वृद्धि, सामाजिक तथा आर्थिक क्षेत्रमा पुऱ्याएको योगदान, शैक्षिक गुणस्तरमा सुधार र सामुदायिक वनका भूमिका आदि सर्न्दभमा केन्द्रित रही यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

हिमाल, पहाड र तराई मिलेर बनेको देश नेपाल प्राकृतिक रुपले धनी देश भनेर चिनिएको छ । यहाँ विभिन्न किसिमका प्राकृतिक सम्पदाहरु रहेका छन् । जल सम्पदा खनिज सम्पदा वा सम्पदा आदिमा प्रमुख र महत्वपूर्ण सम्पदाको रुपमा वनजंगललाई लिन सकिन्छ । ग्रामीण क्षेत्रदेखि शहरी क्षेत्रसम्म विभिन्न भेगमा यस सम्पदाले महत्व राखेको छ । इन्धनको प्रमुख स्रोत भौतिक निर्माणको क्षेत्र तथा पर्यावरण सन्तुलन राख्ने क्षेत्रमा यसको महत्व धेरै रहेको छ ।

गरिबी निवारण दिगो व्यवसथापन र उपयोग वन क्षेत्रलाई ४० प्रतिशत कायम राख्ने र जैविक विविधता र वातावरण संरक्षण गर्ने विधान अनुरुप वन तथा भू संरक्षणको क्षेत्रमा कार्य भइरहेको छ । यसका लागि सहभागितामूलक वातावरण मैत्री प्रवर्द्धनकर्ता, सहजकर्ता, विकेन्द्रित, गरिब, दलित र विपन्नमुखी वंशको उत्थान गर्ने कार्यशैली अवलम्बन गरिएको छ । वन सम्पदाको संरक्षण र उपयोग गर्दै वातावरणीय सचेतता र स्वच्छता कायम गर्न वन संरक्षण तथा वनको दिगो व्यवस्थापन र उपयोग वनजन्य उद्यागको प्रवर्द्धन, जडिबुटि खेतीको विस्तार तथा संरक्षण तथा जलाधार व्यवस्थापन, वन्यजन्तु संरक्षण वन तथा वनस्पतिको अध्ययन अनुसन्धान लगायत कार्यहरु वन तथा भू संरक्षण मन्त्रालयबाट हुँदै आएको छ (स्रोत : अर्थ मन्त्रालय, २०६८/०६९) ।

सामुदायिक वनको विकासका लागि स्थानीयस्तर देखि सम्पूर्ण सरोकारवाला पक्षले आ-आफ्नै ठाउँबाट र नीति निर्माण गर्ने केन्द्रीय स्तर देखि कार्यान्वयन गर्ने स्तरका सम्पूर्ण व्यक्तिले जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ । सामुदायिक वनहरु स्थापना भएपनि

स्थानीय जनतामा सामुदायिक वन समितिमा संलग्न हुँदा त्यसवाट शैक्षिक आर्थिक तथा सामाजिक क्षेत्रमा हुने प्रत्यक्ष वा अप्रत्यक्ष फाइदाका वारेमा जानकारी प्राप्त भएको पाइदैंन । यी सम्पूर्ण कुराहरुको विकासका निम्ति सरकारले प्रयास गरेपनि अपेक्षा गरेजस्तो परिवर्तन आउन सकिरहेको छैन । यस्तो अवस्था हुँदाहुँदै पनि सामुदायिक वनको विकास र स्थानीय उपभोक्ताले फाइदा पाउन नसक्नुमा विभिन्न कारण हुनसक्छन् तापनि महत्वपूर्ण भूमिका वन समितिको हुने हुँदा समितिको कुन कुन पक्षमा कमजोरी भएको हो सो कुरा पत्ता लगाउन आवश्यक देखिन्छ । समग्र वनको विकास गर्नाले वातावरणिय पर्यावरणमा सन्तुलन ल्याई विश्वको प्रमुख समस्या जलवायु परिवर्तन लाई पनि यथास्थानमा ल्याउन वनको ठूलो योगदान रहेको छ सामुदायिक वनले स्थानिय स्तरमा बाटो, पुल, मठ मन्दिर, विद्यालय, गरिवी निवारण कार्यक्रम आदि जस्ता क्षेत्रहरुमा ठलो योगदान पुऱ्याएको छ जसको सकारात्मक प्रभाव आर्थिक तथा शैक्षिक क्षेत्रमा पर्न गएको छ । त्यसैले यस अध्ययनको कथन सानिपाखा सामुदायिक वनले स्थानीय उपभोक्ताको सामाजिक,आर्थिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको प्रभाव रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य सामुदायिक वन समितितले स्थानीय क्षेत्रको समग्र विकासमा गरेको योगदानको अध्ययन गर्नु छ भने विशिष्ट उद्देश्य निम्नअनुसार छन् ।

१. सानिपाखा सामुदायिक वन समितिका आम्दानीका स्रोतहरु पत्ता लगाउनु,
२. सानिपाखा सामुदायिक वन समितिले स्थानीय उपभोक्ताको आर्थिक तथा सामाजिक विकासमा पारेको प्रभावको विश्लेषण गर्नु ।
३. सानिपाखा सामुदायिक वन समितिले शैक्षिक विकासमा पुऱ्याएको योगदानको विश्लेषण गर्नु,

## १.४ अध्ययनको महत्व (Significance of the Study)

विश्व वातावरणको विग्रदो अवस्थासँगै नेपालको वातावरण सन्तुलन कायम राख्न वन सम्पदाको ठूलो महत्व हुन्छ । नेपालको सामुदायिक वनको सफलताले अन्तर्राष्ट्रिय जगतमा नै ख्याती कमाएको छ । सामुदायिक वन व्यवस्थापन प्रर्णाली आज सवैका लागि नमूना सावित भएका छन् । त्यसैले विदेशी, अनुसन्धानकर्ता, निणर्यकर्ता तथा वन व्यवस्थापकहरु वर्षेनी नेपालको सामुदायिक वन व्यवस्थापन प्रर्णाली र यसको अनुकरणका

लागि यहाँ आउने गर्दछन् । सामुदायिक वनबाट सामुदायिक विकास, गरीवि न्युनिकरण, सामाजिक समावेशीकरण तथा वन सुशासनलाई संस्थागत गर्न सहयोग पुगेको छ ।

वन संम्पदाको संरक्षण तथा विकासको साथै स्थानीय क्षेत्रमा जनताहरु पनि लाभान्वित हुने भएकाले राष्ट्रिय अर्थतन्त्र विकासका लागि पनि यो एक महत्वपूर्ण कार्यक्रम सावित भएको छ । यस अध्ययनमा सामुदायिक वन कार्यक्रममा सहभागी भएका र नभएका व्यक्तिहरुको आर्थिक सामाजिक तथा शैक्षिक अवस्थाको अध्ययन गरिएको छ । मुख्य रुपमा स्थानीय क्षेत्रका जनताहरु र उक्त क्षेत्रको विषयमा सामुदायिक वन समितिबाट प्राप्त योगदान र त्यसबाट हुने आर्थिक, सामाजिक तथा शैक्षिक उपलव्धीको लेखाजोखा गरी सामुदायिक वन कार्यक्रममा सहभागिता बढाई सामुदायिक वन कार्यक्रमलाई सफल र प्रभावकारी वनाउन यस अध्ययनको महत्व रहेको छ ।

यस अध्ययनले सामान्यतया विशेष गरी नेपाल अधिराज्यको  पर्वत जिल्लाको कटुवाचौपारी गा.वि.स.मा अवस्थित सानीपाखा सामुदायिक वनको प्रभाव क्षेत्र र त्यहाँका जनताको आर्थिक तथा शैक्षिक अवस्था पहिचान गर्दै सामुदायिक वन समितिमा सहभागी हुन प्रेरित गरेको छ । विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुलाई सम्वन्धित ठाउँमा नगएर नै तथ्याङ्क संकलन गरी सार संक्षेप बुझ्न सहयोग गरेको छ । पाठ्यक्रम निर्माता, नीति निर्माताहरुलाई पनि गुणस्तरीय र स्थानीय स्तरमा उपयोगी पाठ्यक्रम र नीति नियम निर्माण गर्न सहयोग पुगेको छ । अन्य अनुसन्धान कर्तालाई वन सम्वन्धि अनुसन्धान गर्न सहयोग गर्दछ । विद्यार्थी र अभिभावकहरुलाई सामुदायिक वनबाट प्राप्त हुने आम्दानीको सही सदुपयोग गर्न र वन समितिमा आवद्ध हुन प्रेरित गरेको छ ।

यस अध्ययनमा सामुदायिक वन कार्यक्रममा सहभागी भएका र नभएका उपभोक्ताहरुको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थाको अध्ययन गरी उक्त उपभोक्ताहरुको जीवनस्तर माथी उकास्ने यस अध्ययनको मुख्य विषयवस्तु रहेको छ ।

### १.५ अध्ययनको सीमाहरु (Limitations of the Study)

कम समय, स्रोत, साधन र अनुसन्धानकर्ताको मात्र प्रयासमा यो अध्ययन पुरा गरिने हुनाले यसले सम्पूर्ण क्षेत्रलाई समेटन सक्दैन । त्यसकारण यो अध्ययन निम्न सीमाहरुमा रहेर गरिएको छ ।

१. यो अध्ययन नेपाल अधिराज्यको पर्वत जिल्ला कटुवाचौपारी गा.वि.स. स्थित सानिपाखा सामुदायिक वन समितिको क्षेत्रमा मात्र सीमित रहेको छ ।
२. उक्त वन समितिको क्षेत्रमा भएका उपभोक्ता मध्येबाट अध्ययनको लागि समितिमा भएका जम्मा १०० जना व्यक्तिहरु नमूनाको रुपमा छनोट गएिको छ र यो अध्ययन तिनै छनौट भएका नमूनाको आधारमा बनाएको छ ।
३. यो अध्ययन समय सीमाका कारण सानो आकारमा लिइएको नमूनाको प्रयोग गरिएको छ ।
४. यस अध्ययनमा प्रश्नावली, अवलोकन फारम तथा छलफल निर्देशिकालाई मात्र तथ्यांकसंकलनका साधनको रुपमा लिइएको छ ।

## १.६ अध्ययनको संगठन (Organization of the Study)

सानिपाखा सामुदायीक वनले स्थानीय उपभोक्ताको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको प्रभाव कटुवाचौपारी ८ पर्वत नामक यो शोधपत्र तयार गर्दा शोधपत्रलाई व्यवस्थित बनाउनको लागि निम्न ५ अध्यायमा विभाजन गरिएको छ ।

पहिलो अध्यायमा परिचय अर्न्तगत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा र अध्ययनको संगठनलाई समावेश गरिएको छ ।

दोस्रो अध्यायमा पूर्व साहित्यको पुनरावलोकन अर्न्तगत शैद्धान्तिक साहित्यको पुनरावलोकन, पूर्व अध्ययनको पूनरावलोकन, अध्ययनका लागि पूर्वअध्ययनको समिक्षा, अवधारणात्मक ढाँचा तथा कार्यात्मक ढाँचालाई समावेश गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान विधि र प्रक्रिया अर्न्तगत अनुसन्धान ढाँचा र विधि, तथ्यांकको स्रोत, जनसंख्या, नमूना आकार र नमूना छनोट प्रक्रिया, अध्ययन क्षेत्र, तथ्यांक संकलनका साधन तथा प्रविधि, तथ्यांक संकलन विश्लेषणका तरिका, अनुसन्धान प्रश्नहरुको बारे चर्चा गरिएको छ ।

चौथो अध्यायमा तथ्यांकको विश्लेषण र प्रस्तुतिकरण अर्न्तगत नतिजाको विश्लेषण र प्रस्तुतिकरण प्रस्तुत गरिएको छ ।

पाचौं अध्यायमा प्राप्ति, निष्कर्ष र सुझाव अर्न्तगत अध्ययनको निष्कर्ष, सुझाव, नीतिसंग सम्बन्धित, अभ्याससंग सम्बन्धित र पछिल्लो अनुसन्धानसंग यो अध्ययन कसरी सम्बन्धित रहेको छ भन्ने बारेमा अध्ययन गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको कार्यकारी परिभाषा (Working Definition of The Key Words)

सामुदायिक वन - सामुहिक हितको लागि विकास संरक्षण र उपयोग गर्न उपभोक्तालाई सुम्पिएको वन

जनसहभागिता - कुनै कार्यक्रममा मानिसहरुको उपस्थिति तथा भेला

वन अतिक्रमण - वन क्षेत्रहरु चोरी कटानीको कारण उजाडिदै जानु

नीति निर्माण - कुनै पनि कार्यक्रम संचालन गर्नका लागि बनाइएको नियम

जीविकोपार्जन - जीवनयापनका लागि गरिने व्यक्तिको क्षमता विकास

अर्न्तवार्ता - दुईजना व्यक्तिहरुबिच आमने सामने बसेर संचालन गरिने कुराकानी

प्रत्यक्ष अवलोकन - अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा आफै गई गरिएको अवलोकन

वृक्षारोपण - वोटबिरुवाहरु रोप्नु

शुशासन -स्थानीय जनताहरुको यथार्थ सहभागितामा निष्पक्ष तथा पारदर्शी

गरिबी निवारण - आर्थिक स्थितिमा सुधार

जिम्मेवारी - कर्तब्य पालना गर्नु

आम्दानी - वस्तु तथा सेवा बिक्री गरेवाफत प्राप्त गरिएको रकम

खर्च - वस्तु तथा सेवा खरिद गर्दा भूक्तान गरिने रकम

बचत - आम्दानी र खर्चबिचको अन्तर

जनसंख्या -अनुसन्धानको लागि छनौट गरिएका सम्पूर्ण मानिस एवं वस्तुहरुको समूह

नमूना - ठूलो जनसंख्याबाट छनौट गरिएको प्रतिनिधिमुलक समूह

नमूना छनौट - ठूलो समूहबाट केहि एकाईहरु छनौट गर्ने प्रकिया

आत्मनिर्भर - अरुको भरमा बाँच्न नपर्ने आफै कमाउन सक्ने

वन संरक्षण - चरिचरन, आगलागि, चोरीकटानी, अतिकम्रण आदिबाट सामुदायिक वन जोगाउन

सहुलियत दर- प्रचलित बजारमुल्यभन्दा कम मुल्य

विपन्न वर्ग - आर्थिक, सामाजिक, भौतिक, मानवीय र प्राकृतिक स्रोतसाधनमा पहुँच तथा नियन्त्रणको आधारमा पछाडि परेका वा पारिएका उपभोक्ताहरु

औपचारिक शिक्षा - पूर्व निर्धारीत लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि योजनाबद्ध रुपले दिइने शिक्षा

वन व्यवस्थापन - वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सामुदायिक वनमा गरिने कियाकलाप

आर्थिक विकास - पिछडिएको र अनुत्पादनशील समाजलाई आधुनिक तथा उत्पादनशील समाजमा रुपान्तरण गर्नु

जैविक विविधत ा- कुनै निश्चित स्थानमा अवस्थित प्राणीहरुबिचको भिन्नता

साक्षर - आफ्नो नाम लेख्न र पढ्न सक्ने मानिस

निरक्षर -आफ्नो नाम लेख्न र पढन नसक्ने मानिस

# अध्याय : दुई (CHAPTER:TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्यायमा सामुदायिक वनसंग सम्बन्धित विभिन्न प्रकाशित कृति, लेख, रचना, जर्नल, प्रकाशित अप्रकाशित शोधपत्रलाई आधार मानी साहित्यको अवलोकन गरिएको छ ।

## २.१ शैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoretical Literature)

(वन विभाग, २०६५) वि.सं. २०५५ सालमा सम्पन्न तेस्रो सामुदायिक वन राष्ट्रिय गोष्ठीले सामुदायिक वन विकासमा सरकारी निकायका अतिरिक्त अन्य सरोकारवालाहरुको भूमिका पहिचान गर्नुका साथै गरिवी न्यूनिकरणमा सामुदायिक वनले योगदान पुऱ्याउन सक्छ भन्ने नयाँ दृष्ट्रिकोण अघि ल्यायो । त्यसै गरी २०६१ सालमा सम्पन्न चौथो सामुदायिक वन राष्ट्रिय गोष्ठिले समेत सामुदायिक वन व्यवस्थापनको माध्यमबाट गरिवी न्यूनिकरण गर्ने, राष्ट्रिय र सहशाव्दी विकास लक्ष्यमा टेवा पुऱ्याउन सकिने कुरा औंल्याएको छ । यसका लागि दिगो वन व्यवस्थापन, सुशासन, जीविकोपार्जन जस्ता सामुदायिक वनका दोस्रो पुस्ताका सवालहरुलाई सम्वोधन गर्न सुझाव प्रस्तुत गरिएको छ ।

(वन विभाग, २०६५) वि.सं.२०६५ सालमा सम्पन्न पाँचौ सामुदायिक वन राष्ट्रिय गोष्ठीका सुझाव र प्रतिबद्धतालाई समेट्दै सामुदायिक वन स्रोतहरुमा विपन्न, दलित, आदिवासी जनजाति, मधेसी, महिला, पिछडिएका, पछाडि पारिएका एवं परम्परागत वन उपभोक्ताका सक्रिय सहभागिता तथा अधिकार सुनिश्चित गर्न र नेपालले अनुमोदन गरेको आई.एल.ओ. १६९ को महासन्धिका प्रावधानलाई कार्यान्वयन गर्न सुझाव प्रस्तुत गरिएको छ ।

(अर्थ मन्त्रालय, २०६५/६६) सामुदायिक वनका उपलव्धीहरुलाई सुनिश्चित गर्न र चुनौतिहरुको सामना गर्न सार्वजनिक उत्तरदायित्वको अवधारणाहरुलाई आत्मसात गर्नु जरुरी छ । यसले प्रत्यक्ष रुपमा सुशासन र अप्रत्यक्ष रुपमा जीविकोपार्जन र दिगो वन व्यवस्थापनलाई सुदृढ वनाउन टेवा प्रदान गरेको हुन्छ । त्यसैले सामुदायिक वनका उपभोक्ताहरु, समितिका पदाधिकारीहरु र सामुदायिक वनसँग सम्वन्धित सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरु र सम्वद्ध कर्मचारीहरुले आ-आफ्नै उत्तरदायित्व बहन गर्नु पर्ने

वातावरण र संयन्त्रको विकास गर्नु नै आजको अपरिहार्य आवश्यकता हो । अन्यथा राष्ट्रिय स्तरमा दशौं पञ्चवर्षिय योजनाले र अन्तर्राष्ट्रिय स्तरमा सहशाव्दी विकास लक्ष्यले निर्धारण गरेका अपेक्षित लक्ष्यहरु प्राप्त गर्नमा सामुदायिक वन विकास कार्यक्रमले टेवा पुऱ्याउने क्रममा कठिनाई हुन सक्दछ ।

(गौतम, २०६५) नेपालको वन क्षेत्र कृषि पर्यटन वातावरण जलविद्युत लगायतनका उपक्षेत्रहरुको मेरुदण्डकै रुपमा रही आएकोले उल्लेखित चुनौतीहरुलाई अवसरमा बदल्नु परेको यथार्थता छ । यसको निम्ति वर्तमानमा रहेको ३९.६ प्रतिशत वन क्षेत्रलाई बढाउन क्रमशः वनको क्षेत्र अन्यत्र नखर्चि संरक्षित तथा जलाधार क्षेत्रमा व्यवस्थापन समूह र सामुदायिक विकास उपभेक्ता समुह गठन गरी समग्रमा जन समुदायमा आधरित वन व्यवस्थापन पद्धतिको विकास र कार्यान्वयन गरी स्थनीय सुशासनका अवसरहरु प्राप्त गरिनुपर्ने देखिन्छ । यसले गर्दा स्थानीय जनताको आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ र उपभोक्ताको जीवन स्तरमा वृद्धि भई दिगो विकास हुन्छ ।

(पोखरेल र साथीहरु, २०६५) सामुदायिक वनको गरिबमुखी सुशासन गा.वि.स.मा कसरी विस्तार गर्न सकिन्छ भन्ने लेखमा बिर्ख क्षेत्री, बमध्वज गुरुङ र डा. भरत पोखरेलले उक्त गा.वि.स.को दीर्घकालीन र एकिकृत योजना तयारीका लागि विकास भएको जनउत्साह र सरोकारवालाहरु विचमा पैदा भएको चासो विशेष सामाजिक उपलब्धी हुन् । सुस्पाक्षमा वतीको सन्दर्भमा गाविसमा स्थानीय र बाहिरी गरी एक सय विस भन्दा बढी संस्थाहरुको भिडबाट हैरान भएका जनतामा यी सबै स्रोतहरुको एकिकृत र दीर्घकालीन योजना बनाई लागू गर्न सके बाहिरी अनुवादन विना नै केही वर्ष भित्रैमा यहाँको गरिबीको खाडल पुर्न सकिन्छ भन्ने कुरा उल्लेख गरेको छ । सबै स्रोतहरु एकिकृत गर्ने हो भने अहिलेकै अवस्थामा गा.वि.स.को वार्षिक बजेट एक करोडको हाराहारीमा देखाएको तथ्यले उनीहरुको आत्मविश्वास वृद्धिमा वल पुऱ्यायो । कार्यक्रमले ल्याएको यो उत्साहले उनीहरुलाई गाउँ स्वशासनको वकालत गर्नका लागि सशक्र मात्र बनाएन जिल्लाका सरोकारवालाहरुलाई समेत सामुदायिक वनको सिकाइलाई अनुसरण गरी गा.वि.स.को गरिबमुखी सुशासनमा ठूलो फड्को मार्न सकिने कुरा उल्लेख गऱ्यो ।

(पौडेल र साथीहरु, २०६५) सामुदायिक वनबाट प्राप्त लाभहरुको न्यायोचित वितरण भन्ने लेखमा पौडेल तथा साथीहरुले सामुदायिक वन सार्वजनिक सम्पति भएकोले

यसबाट प्राप्त लाभहरुको न्यायोचित वितरण नभएसम्म गरिबी र द्वन्द्वलाई न्यूनिकरण गर्दै सामाजिक सद्भाव कायम राख्न सकिँदैन । तसर्थ सामुदायिक वनबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्राप्त हुने लाभ तथा फाइदाको पहिचान पर्याप्तता मूल्यांकन र त्यसको माग एवं उपयोगको सहभागिता मूलक ढंगबाट राम्ररी भएमा मात्र लाभको न्यायोचित बाँडफाँड गर्न गराउन सजिलो हुन्छ । लाभको न्यायोचित वितरणको लागि भौगोलिक विविधतालाई राम्ररी ध्यान दिनुपर्दछ अन्यथा प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन न्यायोचित र सन्तुलित ढंगबाट हुन गाह्रो हुन्छ । त्यसैले तराई भित्री मधेस मध्य पहाड, उच्च पहाड र हिमाली क्षेत्रका वन स्रोतको संरक्षण र व्यवस्थापनमा सबै समुदाय र राज्यको ध्यान पुग्न आवश्यक छ भन्ने निष्कर्ष निकालेको छ ।

(खतिवडा, २०६५) सामुदायिक वन अभियानमा सेवा प्रदायको प्रभावकारी भूमिकाको लागि सिप परीक्षण भन्ने लेखमा भोला खतिवडाले सामुदायिक वन सहज कर्ताको सीपलाई प्रवर्द्धन र वैज्ञानिकता प्रदान गर्न, सामुदायिक वनको प्रतिक्रियालाई व्यवहारमुखी कार्यान्वयन गराउनु आजको आवश्यकता हो । सामुदायिक वनको प्रक्रिया छायामा परिरहेको समयमा यसको उजागर गर्नु पनि उत्तिकै जरुरी छ । सामुदायिक वनको प्रक्रिया नै यसको मेरुदण्ड हो यसलाई अझ बलियो बनाउनु हामी सबैको दायित्व हो । सामुदायिक वन सहजकर्ताको सिप परीक्षण प्रक्रियाले यसलाई थप टेवा पुऱ्याउने विश्वास लिन सकिन्छ । यस्ता सिप भएका जनशक्तिहरुको सरकारी सेवामा प्रवेशको वातावरण तयार गर्न सबैले पहल गर्नुपर्ने देखिन्छ । अहिले सरकारी संरचना अन्तर्गत वन रक्षक र वन कार्यसहायक कार्यरत रहेका छन् । उनीहरुसँग कम्तिमा पनि सामुदायिक वन गठन रिमार्जन सम्बन्धी सीप हुन आवश्यक छ । उनीहरुमा समुदायको माग र आवश्यकता अनुसारको सेवा प्रवाह गर्ने सिप हुनुपर्छ । त्यसको लागि भएका जनशक्तिको सीप प्रवत गर्नु एक पक्ष हो भने नयाँ जनशक्ति लिँदा सिप परीक्षणमा सफल भएकालाई छनोट गर्न आधार राख्न सकिन्छ । त्यसैगरी सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक परेको सेवा निजी क्षेत्रबाट पनि लिने परम्परा बसिसकेको छ । त्यस्तो सेवा मध्यमस्तरको जनशक्तिबाट लिँदा सेवा व्यवहारिक हुने र आर्थिक रुपले पनि सहज हुन सक्छ । यसको लागि समुदाय स्तरमा सेवा प्रवाह गरिरहेका सहजकर्ताको सिप परीक्षणको कार्यलाई अभियानको रुपमा विस्तार एवम् उनीहरुको नियमित परिचालन गर्नु आवश्यक हुन्छ भन्ने निचोड निकालेको छ ।

(रावत, २०६६) सामुदायिक वनविकासमा सार्वजनिक उत्तरदात्विको (२०६५/६६) अपरिहार्यता भन्ने लेखमा मुन ब. रावत (२०६३) ले सामुदायिक वनका उपलब्धीहरुलाई सुनिश्चित गर्न र चुनौतीहरुको सामना गर्न सार्वजनिक उत्तरदायित्वको अवधारणालाई आत्मसात गर्न जरुरी छ। यसले प्रत्यक्ष्य रुपमा सुशासन र अप्रत्यक्ष रुपमा जिविकोपार्जन र दिगो वन व्यवस्थापनलाई सुदृढ बनाउन टेवा प्रदान गरेको हुन्छ । त्यसैले सामुदायिक वनका उपभोक्ताहरु समितिका पदाधिकारीहरु र सामुदायिक वनसँग सम्बन्धित सम्पूर्ण सरकरी तथा गौर सरकारी निकायहरु र सम्बद्ध कर्मचारीहरुले आ-आफ्नै उत्तरदायित्व वहन गर्नुपर्ने वातावरण र संयन्त्रको विकास गनुनै आजको अपरिहार्य आवश्यकता हो । अन्यथा राष्ट्रिय स्तरमा दशौं पञ्च वर्षिय योजनाले र अन्तर्राष्ट्रिय स्तरमा सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेका अपेक्षित नतिजाहरु प्राप्त गर्नमा सामुदायिक वन विकास कार्यक्रमले सकारात्मक सेवा पुऱ्याउने क्रममा कठिनाई हुन सक्ने निष्कर्ष निकालेको छ ।

(रावत र मुन, २०६६) देशको प्राकृतिक वन जंगल राष्ट्रिय सम्पदा हो। देशका सबै नागरिकहरुको प्राकृतिक स्रोतमा सरोकार रहेको हुन्छ। आर्थिक विकासको क्रममा भौतिक पूर्वाधारहरुको विकासले द्रुत गति लिइरहेको अवस्थामा सडक सिंचाई तथा ठूला ठूला जलविद्युत परियोजनाहरु समेत वन क्षेत्रमा स्थापना भइरहेको हुँदा प्राकृतिक स्रोतको विनाषको क्रम बढ्दै गई वातावरण, मानव तथा सम्पूर्ण जीवहरुको जविनयापन कष्टप्रद हुदै गएको परिप्रेक्ष्यमा वातावरणीय सन्तुलन अझ बिग्रन दिनु हुँदैन। वातावरण प्रतिकुल प्रभाव पर्न सक्ने क्रियाकलापलाई समयमा नै व्यवस्थापन गर्न सक्नु पर्छ भन्ने उद्देश्य लिई वातावरणीय अध्यनको आवश्यकता महशुस गरिएको छ ।

(राष्ट्रिय योजना आयोग, २०७०) तेह्रौ योजना (२०७०/०७३) को आधारपत्र अनुसार नेपालको कुल भूभागको ३९.६ प्रतिशत क्षेत्र वनजंगलले ढाकेको छ। हालसम्म १७१०८ सा.व. उपभोक्ता समूहलाई १६६४९१८ हेक्टर वन क्षेत्र संरक्षण व्यवस्थापन तथा सदुपयोग गर्न जोड दिएको छ। यसबाट समूहमा आवद्ध २१९४३५० घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। ६७१२ कबुलियती वन समूह गठन गरी ५३५७२ हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको त्यसैगरी तराइका १७ वटा साझेदारी वनहरुमा वैज्ञानिक वन व्यवस्थापन कार्यको थालनी भएको छ। परिस्थितीय प्रणालीको संरक्षण गर्नको लागि २३.२३ प्रतिशत भू-भाग

सरक्षित प्रणाली अन्तर्गत राखिएको छ वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता लगायतका स्रोतहरुको समुचित र संरक्षण दिगो व्यवसथापन र सदुपयोग गर्दै अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ कुल भूभागको न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गर्ने वन क्षेत्रको स्रोत संरक्षण दिगो व्यवसथापन एवं अति उत्तम रुपमा सदुपयोग गरी वन्यजन्तु उत्पादन तथा परिस्थितिबीच सेवाको सदुपयोग गर्दै वन पैदावारको सुलभ आपूर्ति र जिविकोपार्जनमा सुधार गर्दै भूभागको कम्तिमा ४९ प्रतिशत वन क्षेत्र कायम गर्न आवश्यक सुरक्षात्मक संरक्षणात्मक तथा प्रावधानात्मक जस्ता कार्यनीति तय गर्दै ४० प्रतिशत वन क्षेत्र कायम गर्न ३० हजार हेक्टर वन क्षेत्रमा बैज्ञानिक क्षेत्रमा वैज्ञानिक व्यवस्थापनको सुरुवात गर्दै ५ सय सामुदायिक वन उपभोक्ता समूहहरुमा जलवायु परिवर्तनको नकारात्मक परिस्थितीसँग जुध्न सक्ने योजना तयार गर्दै बृहत जलाधारको व्यवस्थापन गर्दै सामुदायिक साझेदारीको पवर्द्धनबाट वन जन्य व्यवसायमा नि.जी. क्षेत्रको सहागीतामा वद्धि गर्दै सय हेक्टर, क्षेत्रफलमा जडिबुटिको विस्तार गर्दै आयआर्जनमा टेवा पुऱ्याउने अपेक्षित प्रतिफल तय गरेको छ ।

यी विभिन्न अध्ययनहरुको समिक्षाबाट सामुदायिक वन कार्यक्रमले स्थानीय उपभोक्ताको जीवनस्तर र जीविकोपार्जनमा उल्लेख्य सहयोग पुगेको देखिन्छ । गरिवी निवारण र रोजगारीको अवसर वन कार्यक्षेत्रको रुपमा लिएको पाइन्छ । यस सानिपाखा सामुदायिक वनले पनि स्थानीय जनताको जीवन स्तर सुधार गर्दै जीविकोपार्जनमा सहयोग पुग्ने आशा गरिएको छ । यसका अतिरिक्त यस अध्ययनले आर्थिक, सामाजिक । शैक्षिक तीन वटै क्षेत्रहरुलाई समान महत्वका साथ समेटने प्रयास गरिने छ । सामुदायिक वनले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान, आर्थिक तथा सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानको समग्रमा विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहको छ ।

## २.२ **पूर्व अध्ययनको पूनरावलोकन (Review of Previous Studies)**

(घिमिरे, २०६५) तीनतले सामुदायिक वनले स्थानीय उपभोक्ताको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थामा पुऱ्याएको योगदान बुधबारे झापाको एक अध्ययन शिर्षकले उपभोक्ता समितिको वार्षिक कुल आम्दानी र तिनका स्रोतहरु पत्ता लगाई त्यस मध्येबाट स्थानीय क्षेत्रको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा वन समितिले पुऱ्याएको योगदानको विश्लेषण गरेको छ । समग्रमा उक्त अध्ययनले स्थानीय क्षेत्र र उपभोक्ताले

शैक्षिक, सामाजिक तथा आर्थिक विकासमा वन समितिले पुऱ्याएको योगदान सन्तोषजनक र प्रशांसायोग्य देखिने कुरालाई प्रष्ट्याएको छ ।

(कोइराला, २०६३) गरिवमुखि सामुदायिक वन सम्वन्धमा कास्की जिल्लामा गरिएको एक अध्ययनमा वनको पुर्न उत्थानमा नेपालको सामुदायिक वन कार्यक्रम सफल भएता पनि गरीवहरुको जीविकोपार्जनमा यसको प्रतिकुल असर परेको विश्वास गरिएको छ । यस परिप्रेक्ष्यमा गरिवी निवारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोको विषय भएको सर्न्दभमा सामुदायिक वन कार्यक्रमलाई गरिवमुखि वनाउन नितान्त आवश्यक भएको स्वीकार्दै गरिबहरुको जीवकोपार्जनमा प्रतिकुल असर परेको देखाइएको छ।

(भण्डारी, २०६१) सामुदायिक वनमा जनसहभागिता बुधवारे गा.वि.स.का सामुदायिक वनहरुको अवस्था अध्ययन शीर्षकको शोधपत्रले सामुदायिक वनको संरक्षण, व्यवस्थापन र उपयोग स्थानीय उपभोक्ताको जिल्लामा हुने वन संरक्षण र विकासमा उल्लेख्य योगदान पुग्न सक्ने कुरा देखाएको छ।

(घिमिरे, २०६१) घरायसी आम्दानीमा सामुदायिक वन सम्पदाको योगदान बारेमा गर्नु भएको अध्ययन अनुसार स्थानीय उपभोक्ताहरुको आय आर्जन र घरायसी खर्च व्यवस्थापनमा सामुदायिक वनको प्रभाव र भूमिका महत्वपुर्ण रहने गर्दछ । वन सम्पदाको प्रयोगबाट दैनिक गुजारा सहज हुनको साथै तिनको बिक्रीबाट आय आर्जन पनि गर्ने गरिएको अध्ययनले देखाएको छ । अध्ययन अनुसार सामुदायिक वन कार्यक्रमलाई गरिबी उपभेक्ताहरुको पहुँचमा विस्तार गर्ने हो भने यो कार्यक्रम गरिबी निवारणका लागि एउटा महत्वपूर्ण कदमका रुपमा पनि स्थापित हुन सक्छ भन्ने देखाएको छ ।

(बानिया, २०६५) उपभोक्ताको आर्थिक स्तर उकास्न घोर्लास सामुदायिक वनको योगदान सम्बन्धमा गरेको अनुसन्धानबाट उचित वन व्यवस्थापन गर्न सकेमा गरिब उपभोक्ताको आर्थिक स्तर उकास्न सकिन्छ भन्ने निष्कर्ष निकालेका छन् । अध्ययनले हामीमा गरिबी न्यूनिकरण गरौं भन्ने सोचाइ हुनुपऱ्यो भन्ने कुरालाई बढी प्राथमिकतामा राखेको छ । घार्लास सामुदायिक वनको उपलब्धीको उदाहरण दिँदै भनिएको छ । हामीलाई थाहा छैन तर अवसरहरु हामी वरिपरी नै छन् । गरिबी केन्द्रित कार्यक्रमले गर्दा उपभोक्ता छनोट कर्यक्रम ऋण लगानी फिर्ता प्रक्रिया तथा दिगोपन जस्ता कुराहरुलाई गहिरिएर

हेर्नुपर्छ । गरिबी निवारण कर्यक्रमले १५ प्रतिशत गरिबलाई प्रत्यक्ष रुपमा राहत पुगेको छ । सामाजिक क्षेत्रमा गरेको लगानीबाट ८५ प्रतिशत लाभ लिएका छन् । शैक्षिक क्षेत्रमा गरेको लगानीबाट ६० प्रतिशत उपभोक्ताहरु राहत पाएको कुरा यस अध्ययनको निष्कर्ष रहेको छ ।

(कडेल र साथीहरु, २०६२) गरिबमुखी सामुदायिक वन समुदाय स्तरमा भएको क्रियाकलापहरु सम्बन्धमा गरेको अवस्था अध्ययनले निम्न निष्कर्षहरु निकालेका छन् ।

- गरिबमुखी क्रियाकलापले गरिबहरुको जीवनयापनमा सकारात्मक प्रभाव पार्दछ ।
- सामुदायिक वन उपभोक्ता कोष व्यवस्थापन सामुदायिक विकास र गरिबी न्यूनिकरण क्रियाकलापमा केन्द्रित रहेको छ ।
- गरिबहरुको जीवनयापन सुधार गर्नु र राम्रो अवसर सिर्जना गरी गरिबहरुलाई सहयोग गर्न आवश्यक छ ।
- गरिबहरुलाई ऋण सिप र बजार सेवामा पहुँच स्थापना गर्न आवश्यक छ ।
- गरिबमुखी कार्यक्रमलाई प्रवर्द्धन गरिनुपर्छ जसले गरिबहरुलाई छोटो अवधिको लागि भए पनि लाभ प्रदान गर्न सक्छ ।

निष्कर्षमा सामुदायिक वनले गरिबी न्यूनिकरण गर्नमा सहयोग गरेको देखिन्छ तर यसले मात्रै गरिबहरुको जीवनयापन हुन सक्दैन । यदि हामी वास्तविक रुपमा गरिबहरुको जीवनयापन सुधार गर्न चाहन्छौ भने सामुदायिक वनका क्रियाकलापहरु अन्य क्षेत्रका गरिबमुखी क्रियाकलापसँग जोडिनुपर्दछ ।

(श्रेष्ठ, २०६४) सामुदायिक वन कार्यक्रमका महिला सहभागिताको सन्दर्भमा सुर्खेत जिल्लामा गरेको अध्ययनमा महिलाहरुलाई वन व्यवस्थापनको निर्णय प्रतिक्रियामा पूर्णत वेवास्ता गरिएको मात्र हैन उनीहरुलाई निर्णय कार्यान्वयन तहमा ज्यामितकिो रुपमा मात्र प्रयोग गर्ने गरेको पाइएको छ । वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक उपभोक्ता समुहको कार्यसमितिमा ३३ प्रतिशत महिला हुनुपर्ने अनिवार्य व्यवस्था तोके पनि व्यवहारमा त्यो लागू भएको देखिँदैन । वन उपभोक्ता समूहको कार्य समितिमा महिलाको प्रतिनिधित्व कम पाइन्छ

। यस अध्ययनमा शहर बजार क्षेत्र आसपासका सामुदायिक वनहरुमा महिलाहरुको सहभागिता केही हदसम्म राम्रो भएको पाइए तापनि सबै ठाउँमा एउटै स्थिति छैन ।

(खत्री, २०७०) आर्थिक तथा सामाजिक क्षेत्रमा सामुदायिक वनले पु¥याएको योगदान कैलाली जिल्लाको एक अध्ययनले सामुदायिक वनका उपभोक्ताहरुले नै समुदायको हित अनुकूलको निर्णय लिई वनको संरक्षण विकास र व्यवस्थापनको योजना बनाई आवश्यकता अनुसार वन पैदावारको उपयोग गर्दै सामाजिक र आर्थिक विकासमा सामुदायिक वनले उल्लेख्य भूमिका खेलेको छ । यस अध्ययनले खोरेटा भूराखानी समुदायिक वनले सामाजिक तथा आर्थिक विकासका पूर्वाधार निर्माणमा बाटो तथा पुल निर्माण, बाँध तथा तार जालि निर्माण प्रतिक्षालय निर्माण मठ मन्दिरलाई आर्थिक सहयोग स्वास्थ्य क्षेत्रमा आर्थिक सहयोग अनुदान सहयोग गरिबी निवारण कार्यक्रम संचालन सहुलियत दरमा काठ दाउरा उपलबध तथा विद्यालयहरुमा आर्थिक तथा भौतिक सहयोग गर्दै आएको छ । यी कार्यबाट उपभोक्ताहरु प्रत्यक्ष रुपबाट लाभान्वित भएका छन् तर बढ्दो उपभोक्ता संख्या र उपभोक्ताको भागलाई मध्यनजर गर्दै सामाजिक तथा आर्थिक क्षेत्रको विकासमा लगानी बढाउँदै जानुपर्ने देखिएको छ ।

सिम्ले सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थामा पु¥याएको योगदान गोरखा जिल्लाको एक अध्ययनले आर्थिक, सामाजिक, शैक्षिक क्षेत्र मध्ये शैक्षिक क्षेत्रमा गरेको लगानी सबैभन्दा बढी मात्रामा गरेको पाइएको छ । वन समितिले शिक्षा क्षेत्रमा गरेको लगानी सन्तोषजनक र प्रशंसयोग्य देखिन्छ । यस अध्ययनले निम्न सुझावहरु प्रस्तुत गरेको छ ।

- सामुदायिक वन समितिले स्थानीय उपभोक्ताको शैक्षिक, सामाजिक तथा आर्थिक क्षेत्रमा गरेको लगानीमा आर्थिक क्षेत्रमा गरेको लगानी बढाउनुपर्ने देखिन्छ
- सहुलियत मूल्यको काठ दाउराको दुरुपयोग रोक्न विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- आयमूलक काममा वृद्धि गर्नुपर्ने देखिन्छ ।
- वनको संरक्षण सुरक्षा हेरविचार वृक्षारोपण गर्नुपर्ने देखिन्छ ।

) समितिको आम्दानीको स्रोतहरुलाई स्थानीय क्षेत्रहरुको तथा उपभोक्ताहरुको आवश्यकतालाई मध्यजर गरी प्राथमिकताका आधारमा लगानी गर्नुपर्ने देखिन्छ ( लामिछाने, २०७१) ।

## २.३ अध्ययनका लागि पूर्वअध्ययनको समिक्षा को असर (Implications of the Review for the Study)

यस अध्ययनका लागि विभिन्न पत्रपत्रिका, लेखरचना, जर्नल तथा अप्रकाशित शोधपत्रलाई आधार बनाइएको छ । स्थानीय क्षेत्र र उपभोक्ताले शैक्षिक, सामाजिक तथा आर्थिक विकासमा वन समितिले पुऱ्याएको योगदान सन्तोषजनक र प्रशांसायोग्य देखिने कुरालाई प्रष्ट्याएको छ । अध्ययनले गरिवी निवारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोको विषय भएको सन्र्दभमा सामुदायिक वन कार्यक्रमलाई गरिवमुखि वनाउन नितान्त आवश्यक भएको स्वीकार्दै गरिबहरुको जीवकोपार्जनमा प्रतिकुल असर परेको देखाइएको छ । त्यसैगरी सामुदायिक वनको संरक्षण, व्यवस्थापन र उपयोग स्थानीय उपभोक्ताको जिल्लामा हुने वन संरक्षण र विकासमा उल्लेख्य योगदान पुग्न सक्ने कुरा देखाएको छ सामुदायिक वन कार्यक्रमलाई गरिबी उपभेक्ताहरुको पहुँचमा विस्तार गर्ने हो भने यो कार्यक्रम गरिबी निवारणका लागि एउटा महत्वपूर्ण कदमका रुपमा पनि स्थापित हुन सक्छ भन्ने देखाएको छ । गरिबी निवारण कर्यक्रमले १५ प्रतिशत गरिबलाई प्रत्यक्ष रुपमा राहत पुगेको छ । सामाजिक क्षेत्रमा गरेको लगानीबाट ८५ प्रतिशत लाभ लिएका छन् । शैक्षिक क्षेत्रमा गरेको लगानीबाट ६० प्रतिशत उपभोक्ताहरु राहत पाएको कुरा यस अध्ययनको निष्कर्ष निकालेको छ ।

सामुदायिक वनले गरिबी न्यूनिकरण गर्नमा सहयोग गरेको देखिन्छ तर यसले मात्रै गरिबहरुको जीवनयापन हुन सक्दैन । यदि हामी वास्तविक रुपमा गरिबहरुको जीवनयापन सुधार गर्न चाहन्छौ भने सामुदायिक वनका क्रियाकलापहरु अन्य क्षेत्रका गरिबमुखी क्रियाकलापसँग जोडिनुपर्दछ । शहर बजार क्षेत्र आसपासका सामुदायिक वनहरुमा महिलाहरुको सहभागिता केही हदसम्म राम्रो भएको पाइए तापनि सबै ठाउँमा एउटै स्थिति छैन । आर्थिक तथा सामाजिक क्षेत्रमा सामुदायिक वनले पुऱ्याएको योगदान कैलाली जिल्लाको एक अध्ययनले यी कार्यबाट उपभोक्ताहरु प्रत्यक्ष रुपबाट लाभान्वित भएका छन्

तर बढ्दो उपभोक्ता संख्या र उपभोक्ताको भागलाई मध्यनजर गर्दै सामाजिक तथा आर्थिक क्षेत्रको विकासमा लगानी बढाउँदै जानुपर्ने देखिएको छ । वातावरण प्रतिकुल प्रभाव पर्न सक्ने क्रियाकलापलाई समयमा नै व्यवस्थापन गर्न सक्नु पर्छ भन्ने उद्देश्य लिई वातावरणीय अध्यननको आवश्यकता महशुस गरिएको छ। चौथो सामुदायिक वन राष्ट्रिय गोष्ठिले दिगो वन व्यवस्थापन, सुशासन, जीविकोपार्जन जस्ता सामुदायिक वनका दोस्रो पुस्ताका सवालहरुलाई सम्वोधन गर्न सुझाव प्रस्तुत गरिएको छ। तराई भित्री मधेस मध्य पहाड, उच्च पहाड र हिमाली क्षेत्रका वन स्रोतको संरक्षण र व्यवस्थापनमा सबै समुदाय र राज्यको ध्यान पुग्न आवश्यक छ । सामुदायिक वनका उपलब्धीहरुलाई सुनिश्चित गर्न र चुनौतीहरुको सामना गर्न सार्वजनिक उत्तरदायित्वको अवधारणालाई आत्मसात गर्न जरुरी छ । यसले प्रत्यक्ष्य रुपमा सुशासन र अप्रत्यक्ष रुपमा जिविकोपार्जन र दिगो वन व्यवस्थापनलाई सुदृढ बनाउन टेवा प्रदान गरेको हुन्छ भन्ने कुरालाई प्रस्ट पारेको छ त्यसैगरी  अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ कुल भूभागको न्यूनतम ४० प्रतिशत वन क्षेत्र कायम गर्ने वन क्षेत्रको स्रोत संरक्षण दिगो व्यवसथापन एवं अति उत्तम रुपमा सदुपयोग गरी वन्यजन्तु उत्पादन तथा परिस्थितिबीच सेवाको सदुपयोग गर्दै वन पैदावारको सुलभ आपूर्ति र जिविकोपार्जनमा सुधार आउने कुरा लाई प्रस्ट पारेको छ ।

सम्बन्धित पूर्व साहित्यको पूनरावलोकन पश्चात र यस अध्ययनको बिचमा अनुसन्धान अन्तर यसप्रकार रहेको छ । साहित्यको पुनरावलोकनमा नमूना छनौट विधिको माध्यमबाट सीमित जनसंख्याबाट तथ्यांक लिई विश्लेषण गरिएको थियो भने यस अध्ययनमा सामुदायिक वन उपभोक्ता समितिभित्र आवद्ध उपभोक्ताहरुमध्ये सामान्य सम्भावनायुक्त नमूना छनौट विधिको माध्यमबाट उपभोक्ताहरुलाई र वन कार्यसमितिका पदाधिकारीहरुमध्ये उद्देश्यमुलक नमूना छनौट विधिको माध्यमद्बारा अध्यक्षबाट वास्तविक र यथार्थ तथ्यांक लिइएको पाइन्छ । साहित्यको पुनरावलोकनमा प्रश्नावली मात्र प्रयोग गरी तथ्यांक संकलन गर्दा सही तथ्यांक नआएको पनि हुन सक्छ तर यस अध्ययनको निचोडमा उपभोक्तासंग अर्न्तवार्ता, उपभोक्ता कार्यसमितिका पदाधिकारी, बुद्धिजीवि सवैलाई समावेश गरी छलफलको माध्यमबाट सत्य, यथार्थ तथ्यांक लिइएको पाइन्छ । यस अध्ययनमा सामुदायिक वनको वार्षिक आम्दानी, खर्च  सामुदायिक वनको आर्थिक, सामाजिक तथा शैक्षिक प्रभाव आदि बारे विश्लेषण गरिएको छ । जसको अध्ययनले उपभोक्ताको आर्थिक

प्रभावको विश्लेषण गर्न सहज भएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यस अध्ययनको निचोड सत्य र वास्तविक छ भन्ने आशावादी रहेको छ ।

साहित्यको पुनरावलोकनबाट अनुसन्धान गर्न लागिएको समस्यासँग सम्वन्धित सिद्धान्त पहिचान गरी ती सिद्धान्तले उक्त समस्यालाई के कसरी व्याख्या गर्दछन् सो कुराको बारेमा जानकारी हासिल गर्न सकिन्छ । सानिपाखा सामुदायिक वन अर्न्तगत अनुसन्धान गर्न लागिएको समस्यालाई कसरी र कुन सिद्धान्त प्रयोग गरी प्रष्ट पार्ने कुरा उल्लेख गरिएको छ । सामुदायिक वनबाट अपेक्षा गरिएका उपलव्धिहरुको र स्थानीय जनतामा पर्ने प्रभावको अवस्था अध्ययन गर्न व्यवहारवादी सिद्धान्तलाई अवलम्वन गरिएको छ । यसरी अध्ययनमा सामुदायिक वन उपभोक्ता समितिको भूमिका कस्तो छ ? आम्दानीका स्रोतहरु के के हुन सक्छन् ? शैक्षिक विकासमा के योगदान पुऱ्याउन सक्छ ? स्थानीय जनताको जीवनस्तर सुधार गर्ने उपायाको समेत खोजी गर्ने प्रयास समेत गरिएको छ । यस अध्ययनमा गुणात्मक र परिमाणात्क दुवै किसिमको अनुसन्धान ढाँचा आवश्यकता अनुसार प्रयोग गरिएको छ । संख्यात्मक तथ्याङ्कलाई विभिन्न चित्रात्मक शैलीमा प्रस्तुत गरिएको छ भने विश्लेषणात्मक र वर्णात्मक तथ्याङ्कलाई आवश्यक विश्लेषण सहित प्रस्तुत गरिएको छ ।

सैद्धान्तिक साहित्यको पुनरावलोकन र पूर्व अध्ययनको पुनरावलोकनमा विभिन्न अनुसन्धानकर्ताले गरेको अध्ययनहरुमा सामुदायिक वनले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान को बारेमा मात्र बढी चर्चा गरेको पाइयो तर मैले गरेको यस अध्ययनमा सामाजिक क्षेत्रका साथै आर्थिक र शैक्षिक क्षेत्रको योगदान र त्यसवाट स्थानिय उपभोक्तमा पर्ने प्रभावका बारेमा केन्द्रित रहेको छ ।

## २.४ अवधारणात्मक ढाँचा (Conceptual Framework)

यस अध्ययनका लागि आवश्यक अवधारणात्मक ढाँचा निम्नानुसार देखाइएको छ ।




स्रोतः ज्ञवाली, २००८

## २.५ कार्यात्मक ढाँचा (Functional Framework)

सानिपाखा सामुदायिक वनले स्थानीय क्षेत्रको शैक्षिक, आर्थिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव पार्दछ । यदि उपभोक्ताको व्यक्तिगत पृष्ठभूमि राम्रो छ भने सामाजिक अवस्था उचित छ भने आर्थिक अवस्था अनुकूल छ र विद्यालयमा सौहार्दपूर्ण वातावरणमा शिक्षण क्रियाकलाप हुन्छ भने यी सम्पूर्ण तत्वहरको सकारात्मक प्रभाव पर्दछ । अन्यथा उपभोक्ताको शैक्षिक, आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक असर पर्न जान्छ ।

सानिपाखा सामुदायिक वनले स्थानीय उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा पार्ने सकारात्मक प्रभावलाई अवधारणात्मक ढाँचाद्वारा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।


सामुदायिक बनको प्रभाव
सामाजिक प्रभाव
- जीवनस्तरमा वृद्धि
- विकासका पूर्वाधारमा वृद्धि
- जनचेतनामा वृद्धि
विकास
आर्थिक प्रभाव
- रोजगारीका वृद्धि
- विलासी जीवन
- आयमा वृद्धि
रोजगार
शैक्षिक प्रभाव
- शिक्षाको गुणस्तर वृद्धि
- भौतिक साधनमा सहयोग
- शैक्षिक सामग्री उपलब्ध
शिक्षा
आर्थिक, सामाजिक तथा शैक्षिक पक्षको
दिगो विकास

# अध्याय : तीन (CHAPTER:THREE)

## ३. अध्ययन विधि (Methods of the Study)

यस अध्यायमा अनुसन्धानका विधिहरुको तथा प्रक्रियाहरुको बारेमा व्याख्या गरिएको छ । यस अर्न्तगत अनुसन्धान ढाँचा, तथ्यांकको स्रोत, जनसंख्या, नमूना आकार र नमूना छनोट, अध्ययन क्षेत्र, तथ्यांक सकंलनका साधन र प्रविधि, तथ्यांक विश्लेषणका तरिका, अनुसन्धान प्रश्नहरुजस्ता शीर्षकहरुलाई समावेश गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा र अध्ययन विधि (Design and Method of the Study)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ( Descriptive And Analytical) ढाँचामा आधारीत छ । यस अध्ययनमा नेपालको पश्चिमाञ्चल विकासक्षेत्र अर्न्तगत पर्वत जिल्ला स्थित कटुवाचौपारी गाविस वडा नं ८ मा अवस्थित सानिपाखा सामुदायिक वनमा आवद्ध उपभोक्ताको स्थानीय विकासमा पारेको प्रभावका साथै वन समितिमा सलंग्न व्यक्तिको जीवनस्तर के-कति माथि उठेको छ भन्ने कुरा खोज्ने प्रयास गरिएको छ । यस अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्यांकहरु अध्ययनकर्ताको सक्रियतामा प्राथमिक स्रोत सामु पुगी अर्न्तवार्ता, लक्षित समुह छलफल तथा अवलोकन विधिको माध्यमबाट तथ्यांक प्राप्त गरिएको छ भने द्वितीय तथ्यांकहरु यसैसँग सम्बन्धित प्रकाशनहरु, सामुदायिक वन सम्बन्धि प्रकाशित तथा अप्रकाशित लेख रचना, पत्रपत्रिका, जर्नलबाट संकलन गरिएको छ । यसरी प्राप्त तथ्यांकलाई तालिका तथा विभिन्न चित्रात्मक शैलीमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसैले यस अध्ययनमा परिमाणात्मक र गुणात्मक (Quantitative and Qualitative) दुवै प्रकारमा तथ्यांकहरुको प्रयोग गरिएको छ ।

## ३.२ तथ्यांकको स्रोत (Sources of Data)

तथ्यांकको स्रोतलाई दुई भागमा वर्गीकरण गरी उल्लेख गर्न सकिन्छ । प्राथमिक तथ्यांक जो अनुसन्धानकर्ताले नै अध्ययन क्षेत्रबाट प्राप्त गरेको तथ्यांक हो भने सहायक तथ्यांक जुन अध्ययनकर्ताले तथ्यांक संकलन नगरी उपयुक्तताको आधारमा विभिन्न संघसंस्थाले प्रमाणित वा प्रकाशित, अप्रकाशित गरेको तथ्यांकको रुपमा उल्लेख गरिएको

छ । प्रस्तुत शोधपत्रमा प्राथमिक तथ्यांकहरु सवैभन्दा बढि प्रयोग गरिएको छ भने आवश्यकताअनुसार द्बितीय तथ्यांकको पनि प्रयोग गरिएको छ ।

### ३.२.१. प्राथमिक तथ्यांकको स्रोत (Sources of Primary Data)

यस अध्ययनमा प्राथमिक तथ्यांकको स्रोतका रुपमा अध्ययन क्षेत्रअन्तर्गत सानिपाखा सामुदायिक वनको प्रभाव क्षेत्रभित्र रहेका उपभोक्ताहरुमध्ये नमूना छनौटमा परेका स्थानीय उपभोक्ताहरु रहेका छन् । यसका साथै यस अध्ययनमा कटुवाचौपारी गाविसमा अवस्थित सानिपाखा सामुदायिक वन समितिका पदाधिकारीलाई पनि प्राथमिक तथ्यांकको स्रोतको रुपमा लिइएको छ ।

### ३.२.२. द्बितीय तथ्यांकको स्रोत (Sources of Secondary Data)

प्राथमिक स्रोतबाट प्राप्त गर्न नसकिएका तथ्यांकहरु सहायक स्रोतबाट प्राप्त गरिएको छ । यस अध्ययनलाई उद्देश्यपूर्ण तथा प्रभावकारी बनाउन द्बितीय तथ्यांकको स्रोतहरु सम्बन्धित क्षेत्र र विषयसँग सम्बन्धित विभिन्न संघसंस्था जस्तैः केन्द्रीय तथ्यांक विभाग, वनविभाग, जिल्ला विकास समिति, गाँउ विकास समिति, सामुदायिक वनको वार्षिक प्रतिवेदन, राष्ट्रिय योजना आयोगका साथै अप्रकाशीत कृतीहरु, शोधपत्र तथ प्रकाशित पुस्तक, प्रतिवेदन, पत्रपत्रिका, लेखरचनाहरु आदि हुन् ।

## ३.३ जनसंख्या, नमुना आकार र नमुना छनोट रणनिति (Population, Sample size and sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र त्यसबाट छनोट गरिएको नमूना आकार तथा नमूना छनोट प्रकिया यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यस अध्ययनमा अनुसन्धानकर्तासँग सीमित साधन, स्रोत र समयको कारणले गर्दा प्राथमिक तथ्यांक संकलन गर्नका लागि पर्वत जिल्ला स्थित कटुवाचौपारी गाविस वडा नं ८ मा अवस्थित सानिपाखा सामुदायिक वनको प्रभाव क्षेत्रभित्र रहेका ५६० जना महिला र ४५९ पुरुष गरी जम्मा १०१९ जनालाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३.२ नमुनाको आकार (Sample Size)

यस अध्ययनमा सामुदायिक वन समितिको प्रभाव क्षेत्रभित्र आवद्व १०१९ जना मध्ये १०० जना उपभोक्ता र सामुदायिक वन समितिका पदाधिकारी ९ जनामध्ये १ जना अध्यक्ष र १ सचिव गरी जम्मा १०२ जना अर्थात १०.०१ प्रतिशत लाई यस अध्ययनमा नमूनाको आकारको रुपमा लिइएको छ ।

### ३.३.३ नमुना छनौट रणनिति (Sampling Starategy)

यस अनुसन्धानको क्रममा स्रोत, साधन र समयको सिमितताको कारण सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्न जटिल एवं कठिन पर्ने हुनाले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमुना छनौट गरिएको छ । जसलाई निम्न प्रकार उल्लेख गरिएको छ ।

(१) यस अध्ययनको लागि उद्देश्यमुलक नमूना छनोट विधि को माध्यमद्वारा पर्वत जिल्लामा रहेका ५५ गाविसमा कटवाचौपारी गाविस भित्र रहेका ९ वटा वडाहरुमध्ये वडा नं.८ लाई छनौट गरिएको छ । किनभने यस सामुदायिक वन सवैभन्दा पुरानो र अहिलेसम्म कसैबाट पनि अध्ययन अनुसन्धान नगरिएको सामुदायिक वन हो ।

(२) सानिपाखा सामुदायिक वन उपभोक्ता समितिको प्रभाव क्षेत्रभित्र आवद्ध १०१९ जना मध्ये १०० जनालाई सामान्य सम्भावनायुक्त नमना छनोट विधिअर्न्तगत चिठ्ठा प्रणालीको सहयोगमा छनौट गरियो ।

(४) यस सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरु ९ जनामध्ये उद्देश्यमुलक नमूना छनौट विधिद्वारा आवश्यक तथ्यांक संकलनका लागि १जना अध्यक्ष र १ जना सचिव लाई छनौट गरियो ।

### ३.४ अध्ययन क्षेत्र (Study Area)

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्वत जिल्ला स्थित कटवाचौपारी गाविस वडा नं ८ मा अवस्थित सानिपाखा सामुदायिक वन उपभोक्ता समुहलाई यस अनुसन्धानको अध्ययन क्षेत्र मानिएको छ ।

### ३.५ तथ्यांक संकलनका साधनहरु (Data collection Tools)

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि आवश्यक पर्ने तथ्यांक संकलनका साधनहरु यसप्रकार उल्लेख गरिएको छ ।

#### ३.५.१ प्रश्नावली (Questionnaire)

यस सामुदायिक वनमा आवद्ध उपभोक्ताहरुमध्ये पुरुष घरमुली भए पुरुष, महिला घरमुली भए महिला र घरमुली दुवै नभए जेष्ठ सदस्यसंग अर्न्तवार्ता प्रश्नावलीको माध्यमबाट सम्पूर्ण उपभोक्तामध्ये नमूना छनौटमा परेका उपभोक्ताहरु कहाँ गई तथ्यांक संकलन गरिएको थियो । घरमुलीका लागि तयार गरिएको प्रश्नावलीको नमूना अनुसूचि १ मा देखाइएको छ । त्यसैगरी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षका लागि तयार गरिएको प्रश्नावली अनुसूचि २ मा देखाइएको छ ।

#### ३.५.२ अवलोकन फाराम (Observation Form)

यस अध्ययनको उद्देश्यलाई पुरा गर्न अध्ययनकर्ता स्वयमं र सामुदायिक वनका अध्यक्षलाई लिएर सामुदायिक वन भित्र कटानी भएका रुखहरु र वृक्षारोपण गर्न बाँकी स्थान र वृक्षारोपण गरिएको स्थानको अवलोकन गर्दै उक्त वनले स्थानीय विकासमा पुऱ्याएको योगदानको क्षेत्र अर्न्तगत आर्थिक तथा शैक्षिक दुवै पक्षको प्रत्यक्ष रुपमा अवलोकन गर्नका लागि साधनको रुपमा अवलोकन फाराम तयार गरिएको थियो ।

#### ३.५.३ छलफल निर्देशिका (Discussion Guide)

यस सानिपाखा सामुदायिक वन उपभोक्ता समितिको आम्दानीका स्रोतहरु, लगानीका क्षेत्रहरु, आर्थिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानका साथै यस समितिका कमजोरी र यसलाई अझ प्रभावकारी बनाउन गर्नुपर्ने उपायहरुको संकलनको लागि कार्यसमितिको पदाधिकारी एवं नमुना छनौटमा परेका उपभोक्ताहरुसंग छलफल गरी आवश्यक तथ्यांक संकलन गरिएको छ ।

### ३.६ तथ्यांक संकलनका तरिकाहरु (Techniques of Data collection)

यस अध्ययनको लागि आवश्यक तथ्यांक संकलन गर्नका लागि निम्नलिखित प्रविधिहरुको प्रयोग गरिएको छ ।

### ३.६.१ अर्न्तवार्ता ( Interview )

यस अध्ययनमा प्राथमिक तथ्यांक संकलन गर्नका लागि प्रविधिको रुपमा अर्न्तवार्ता अर्न्तगत प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्ता (Direct Personal Interview) विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्यांक संकलन गर्न प्रश्नावली लिएर अनुसन्धानकर्ता स्वयंम अध्ययन क्षेत्रमा गई त्यहाँका घरमुली तथा उत्तरदातासंग आमुने-सामुने रुपमा बसी प्रश्न उत्तरका माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष्य अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्नका लागि सामुदायिक वनभित्र कटानी भएका रुखहरु, वृक्षारोपण गरिएको र गर्न बाँकी स्थान, के-कस्ता बोटबिरुवा, पशुपंक्षीहरु पाइन्छन ? वनको सरंक्षण तथा सम्वर्द्धनका लागि के-कस्ता प्रयासहरु गरिएका छन ? आदि कुराहरुको अवलोकन गर्दै उक्त सामुदायिक वनको आम्दानीका क्षेत्रको अवलोकन गर्दै स्थानीय विकासमा पुऱ्याएको याेगदान आर्थिक तथा शैक्षिक दुवै पक्षको बारेमा प्रत्यक्ष अवलोकन गरिएको छ । सामुदायिक वन समितिले स्थानीय विकासमा गरेको लगानी वास्तविक हो होइन भनी पत्ता लगाउनको लागि अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समुह छलफल (Focused Group Discussion)

यस अध्ययनको उद्देश्य पुरा गर्ने शिलशिलामा अनुसन्धानकर्ता स्वयं उपस्थित भई आफ्नो अध्ययन क्षेत्र सानिपाखा सामुदायिक वनमा आवद्व उपभोक्ताहरुमध्ये नमूना छनोटमा परेका उपभोक्ताहरु ६ जना, कार्यसमितिका पदाधिकारी ५ जना, शिक्षक २ जना, बुद्धिजिवी १ जना, समाजसेवी २ जना, दलित ४ जना, गरी जम्मा २० जनाको समुहलाई २ भागमा विभाजन गरी एउटा समुहमा १० जना पर्ने गरी उक्त सामुदायिक वनको कार्यालयमा मिति

२०७३/१/२ गते अध्ययनकर्ता स्वयंले छलफल संचालन गराई उनीहरुको उत्तर टिपोट गरिएको थियो । यसरी टिपेको उत्तर विश्लेषण गरी त्यसबाट आवश्यक तथ्यांक संकलन गरियो । यो छलफल गर्दा लक्षित समूह छलफलको लागि प्रश्नपत्र निर्माण गरिएको छ ।

## ३.७ तथ्यांक विश्लेषणका तरिकाहरु (Data Analysis Techiques)

यस अध्ययनमा आवश्यक तथ्यांक संकलन गरिसकेपछि तथ्यांकहरुलाई आवश्यकताअनुसार विभिन्न तालिका तथा रेखाचित्रमा प्रस्तुत गर्दै व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनमा संख्यात्मक तथा गुणात्मक दुवै खाले तथ्यांकहरु समावेश भएकाले तिनीहरुलाई सरल र सहज प्रस्तुतिकरणको लागि चार्ट, ग्राफ तथा स्तम्भ चित्रबाट देखाइएको छ । त्यसैगरी तुलनात्मक प्रस्तुतिको लागि तालिकाको निर्माण गरिएको छ भने निष्कर्ष निकालेर सुझावहरु पेश गर्नका लागि सजिलो होस भनी औषत (Average) को गणना गरिएको छ ।

## ३.८ अनुसन्धान प्रश्नहरु (Research Question)

सामुदायिक वनले स्थानीय क्षेत्रको सामाजिक, आर्थिक तथा शैक्षिक विकासमा पुऱ्याएको योगदान तथा सामुदायिक वनले स्थानीय उपभोक्ताको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यस अध्ययनका लागि अनुसन्धानात्मक प्रश्नहरु यसप्रकार रहेका छन् ।

१. सामुदायिक वन अर्न्तगत स्थानीय उपभोक्ताका आर्थिक स्रोतहरु के-के हुन सक्छन् ?
२. स्थानी स्तरका उपभोक्ताहरुको जीवन शैलीमा सुधार गर्न के कस्ता क्रियाकलाप गर्न सकिन्छ ?
३. सामुदायिक वनले स्थानीय विद्यालयमा के कस्तो सहयोग गर्न सक्छ ?
४. सामुदायिक वनबाट स्थनीय उपभोक्ताले के के फाइदा लिन सक्छन् ?
५. सामुदायिक वन बाट आर्थिक तथा सामाजिक क्षेत्रमा के फाइदा हुन सक्छ ?

# अध्याय : चार (CHAPTER: FOUR)

## ४.नतिजाको तथ्यांकको विश्लेषण तथा व्याख्या

## (Analysis and Interpretation of Result)

यस अध्यायमा प्राथमिक तथा सहायक स्रोतबाट संकलित तथ्यांकलाई उद्देश्यअनुसार प्रस्तुत गर्दै विभिन्न तालिका, रेखाचित्र, ग्राफ र चार्ट तथा स्तम्भ चित्र आदिमा देखाई विषयवस्तुलाई व्याख्या विश्लेषण गरिएको छ । यस अध्यायलाई सरलीकृत गर्न तथ्यांकलाई विभिन्न एकाई तथा उप एकाईहरुमा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ नमूना छनोटमा परेका उपभोक्ताको जनसांख्यिकीय अवस्था (Demographical Condition of Sampled User's)

कटुवाचौपारी गाविस वडा नं ८ मा अवस्थित यस सामुदायिक वन उपभोक्ता समिति भित्रका १०१९ मध्ये महिला ५६० र पुरुष ४५९ संख्या रहेको छ । यसरी उक्त समितिमा आवद्व जनसंख्यालाइ सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको माध्यमद्धारा १०० जना उपभोक्तालाई नमूनाको रुपमा छनौट गरिएको छ । नमूना छनौटमा परेका उपभोक्ताको जनसांख्यिकीय अवस्था निम्नानुसार रहेको छ ।

### ४.१.१ उमेरगत संरचना ( Agewise structure)

उमेरगत हिसाबले हेर्दा सक्रिय जनसंख्या अलिबढि जस्तो देखिन्छ । यस वन समितिका उपभोक्ताहरु विविध समुहका रहेका छन । विद्यालय उमेरसमुहको जनसंख्या पनि उत्तिकै मात्रामा रहेका छन भने ६० वर्ष भन्दा माथिको संख्या पनि उत्तिकै मात्रामा रहेको देखिन्छ । नमूना छनौटमा परेका उपभोक्ताहरुको उमेर समुहलाई निम्नानुसार विभाजन गरिएको छ ।

**तालिका ४.१**

**नमूना छनौटमा परेका उपभोक्ताको उमेर समूह, २०७२**

| क्र.स. | उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-३० | २५ | २५ |
| २ | ३०-४० | ३० | ३० |
| ३ | ४०-५० | २० | २० |
| ४ | ५०-६० | १५ | १५ |
| ५ | ६० वर्षभन्दा माथि | १० | १० |
| | जम्मा | १०० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२

माथिको तालिका ४.१ अनुसार यस सामुदायिक वन समितिमा आवद्ध नमूना छनौटमा परेका उपभोक्ताहरुको उमेरगत संरचना हेर्दा २०-३० वर्षसम्म २५ जना उपभोक्ता, ३०-४० वर्षसम्म ३० जना, ४०-५० वर्षसम्मका २० जना, ५०-६० वर्षसम्मका १५ जना उपभोक्ता र ६० वर्षभन्दा माथि १० जना उपभोक्ता रहेका छन । सवैभन्दा बढि ३०-४० वर्ष उमेर समुहका उपभोक्ताहरु रहेका छन ।

### ४.१.२ पेशागत संरचना (Occupational Structure)

यस सामुदायिक वन समितिमा आवद्ध जनसंख्यामध्ये नमूना छनौटमा परेका उपभोक्ताहरु कृषि पेशामा संलग्न देखिन्छन । नेपाल कृषि प्रधान देश भएकाले र अधिकांश मानिसहरु ग्रामिण  क्षेत्रमा बस्ने भएकाले नमूना छनौटमा परेका उपभोक्ताहरुको जीविकोपार्जनको स्रोत नै कृषि बनेको छ । कृषि पेशाका अतिरिक्त मानिसहरु अन्य पेशामा पनि सहभागी भई परिवार पालिरहेका छन । ति पेशाहरुमा सेवा, व्यापार, श्रमिक, वैदेशिक रोजगारी आदि रहेको छ । यस तथ्यलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**पेशाको आधारमा जनसंख्या-२०७२**

| क्र.स. | पेशागत संरचना | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५० | ५० |
| २ | सेवा | १० | १० |
| ३ | व्यापार | ९ | ९ |
| ४ | श्रमिक | २० | २० |
| ५ | वैदेशिक रोजगार | ११ | ११ |
| | जम्मा | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३ ।

माथिको तालिका ४.२ अनुसार यस सामुदायिक वन उपभोक्ता समितिमध्ये नमूना छनौटमा परेका ११० जना मध्ये सवभन्दा बढि जनसंख्या कृषि पेशामा संलग्न रहेको देखिन्छ । व्यापारमा सबभन्दा कम जना संलग्न रहेको देखिन्छ । माथिको उल्लेखित तालिकामा कृषिमा ५० प्रतिशत, सेवामा १० प्रतिशत, व्यापारमा ९ प्रतिशत, श्रमिकमा २० प्रतिशत र वैदेशिक रोजगारमा ११ प्रतिशत जनसंख्या संलग्न रहेको पाइन्छ ।

### ४.१.३ धर्मगत संरचना (Structure of Religion)

यस सामुदायिक वनमा आवद्ध ११० जना उपभोक्ताहरु कुन-कुन धर्मप्रति आस्था राख्दछन ? भन्ने विषयमा अध्ययन गर्दा पाइएको तथ्यांकलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३**

**धर्मको आधारमा जनसंख्या-२०७२**

| क्र.स. | धर्म विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ७७ | ७७ |
| २ | बौद्ध | २० | २० |
| ३ | क्रिश्चियन | ३ | ३ |
| | जम्मा | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.३ अनुसार नमूना छनौटमा परेका उपभोक्ताहरुमध्ये नमूना छनौटमा परेका उपभोक्ताहरुमध्ये सबभन्दा बढि उपभोक्ता ७७ जना हिन्दु धर्मप्रति आस्था राख्दछन । त्यसैगरी २० जना बौद्ध मान्दछन र ३ जना उपभोक्ताहरुले क्रिश्चियन धर्म मान्ने गरेको पाइन्छ । हाम्रो देश हिन्दु राष्ट्र भएकोले सवैभन्दा बढि उपभोक्ता हिन्दु धर्म मान्ने गरेको पाइयो ।

### ४.१.४ लिङ्गको आधारमा जनसंख्या (Population by Gender)

जनसंख्या बनोटको मुख्य आधार लिङ्गलाई पनि लिन सकिन्छ । जसबाट अध्ययन क्षेत्रमा रहेको कुल जनसंख्यामध्ये नमूना छनोटमा परेका जनसंख्यामा कति जना महिला ? कति जना पुरुष छन ? त्यसको बारेमा अध्ययन गर्न लिङ्गलाई आधार मानेको छ जसलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका ४.४**

**लिङ्गका आधारमा जनसंख्या-२०७२**

| क्र. स. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ६१ | ६१ |
| २ | महिला | ३९ | ३९ |
| | | १०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.४ अनुसार नमूना छनोटमा परेका उपभोक्ताहरुलाई लिङ्गको आधारमा जनसंख्याको बनोटलाई देखाइएको छ । उक्त तालिकामा नमूना छनोटमा परेका कुल १०० उपभोक्ताहरु मध्ये ६१ जना पुरुष र ३९ जना महिला रहेका छन । यस सामुदायिक वनको सरंक्षण, सम्वर्द्धन तथा विकासको लागि महिला पुरुष दुवै आवद्ध रहेका छन ।

## ४.२ नमूना छनोट घरपरिवारको जनसांख्यीकीय अवस्था (Demographical Condition of Sampled House Family)

कटुवाचैपारी गा.वि.स.वडा नं. ८ मा अवस्थित यस सामुदायिक वन उपभोक्ता समिति भित्र सामान्य सम्भावनायुक्त नमूना छनोट विधिअर्न्तगत चिठ्ठा प्रणालीद्धारा १०० जनालाई नमूनाको रुपमा छनौट गरिएको छ । यसरी नमुना छनोटमा परेका १०० जना

उपभोक्ताको घरपरिवारमा जम्मा ६९० जना रहेको पाइयो । यसरी नमूना छनोटमा परेका उपभोक्ताहरुको घरपरिवारको जनसांख्यीकीय अवस्था निम्नानुसार रहेको छ ।

### ४.२.१ उमेरगत संरचना (Agewise Structure)

नमूना छनोटमा परेका १०० उपभोक्ताको घरपरिवार सदस्य संख्या ६९० जना रहेको पाइयो । तिनीहरुको उमेरगत संरचनालाई निम्नानुसार तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका ४.५**

**नमूना छनोट घरपरिवारको उमेर समूह-२०७२**

| क.स. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जन्मदेखि १० बर्ष | ११७ | १६.९५ |
| २ | १०-२० | ७० | १०.१४ |
| ३ | २०-३० | १३० | १८.८४ |
| ४ | ३०-४० | १४५ | २१.०१ |
| ५ | ४०-५० | ९८ | १४.२० |
| ६ | ५०-६० | ७४ | १०.७२ |
| ७ | ६० बर्षभन्दा माथि | ५६ | ८.११ |
| | जम्मा | ६९० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.५ अनुसार नमूना छनोट घरपरिवारको उमेरगत संरचना उल्लेख गरिएको छ । उक्त उमेरगत संरचनालाई हेर्दा जन्मेदेखि १० वर्षसम्मका ११७ जना बालबालिका, १०देखि २० वर्षसम्मका ७० जना, २० देखि ३० वर्षसम्मका १३० जना, ३० देखि ४० सम्मका १४५ जना, ४० देखि ५० सम्मका ९८ जना ५० देखि ६० वर्षसम्मका ७४ जना र ६० वर्षभन्दा माथिका ५६ जना रहेका छन ।

### ४.२.२ पेशागत संरचना (Occupational Structure)

यस सामुदायिक वन समितिमा आवद्ध जनसंख्यामध्ये नमूना छनोटमा परेका घरपरिवारमध्ये बढि कृषि पेशामा संलग्न भएको पाइयो । यस अध्ययनमा नमूना छनोटमा १०० घरपरिवारमा बालबालिकाहरु (जन्मेदेखि २० वर्षसम्मका) १८७ जना रहेका छन ।

तिनीहरुलाई यस अध्ययनमा विश्लेषण गरिएको छैन । व्यक्तिहरु विभिन्न पेशामा संलग्न रहेको पाइन्छ । जसलाई निम्नानुसार देखाइएको छ ।

**तालिका ४.६**

**पेशाको आधारमा जनसंख्या-२०७२**

| क.स. | पेशागत संरचना | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २१४ | ४२.५५ |
| २ | सेवा | २३ | ४.५८ |
| ३ | व्यापार | ३७ | ७.४५ |
| ४ | श्रमिक | ११५ | २२.८६ |
| ५ | वैदेशिक रोजगार | ११४ | २२.६६ |
| | जम्मा | ५०३ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिका ४.६ अनुसार नमूना छनोटमा परेका १०० घरपरिवारका ६९० जनामध्ये १८७ जना बालबालिका रहेकाले तिनीहरुको यस अध्ययनमा विश्लेषण गरिएको छैन । अन्य ५०३ जना विभिन्न पेशामा संलग्न रहेका छन । उक्त तालिकामा कृषिमा २१४ अर्थात ४२.५५ प्रतिशत, सेवामा २३ जना अर्थात ४.५८ प्रतिशत, व्यापारमा ३७ जना अर्थात ७.४५, श्रमिक ११५ जना अर्थात २२.८६ प्रतिशत र वैदेशिक रोजगारमा ११४ जना अर्थात २२.६६ प्रतिशत संलग्न रहेको पाइयो ।

### ४.२.३ धर्मगत संरचना (Structure of Religion)

यस अध्ययनमा नमूना छनोटमा परेका घरपरिवारका जनसंख्यामध्ये कतिले कुन-कुन धर्म मान्दै आएका छन ? भन्नका लागि धर्मगत संरचना अध्ययन गरिएको छ जुन निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४.७**

**धर्मको आधारमा जनसंख्या-२०७२**

| क.स. | धर्म विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ५४७ | ७४.९२ |
| २ | बौद्ध | ११७ | १६.९५ |
| ३ | क्रिश्चियन | २६ | ८.११ |
| | जम्मा | ६९० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२।

माथिको तालिका ४.७ अनुसार नमूना छनोटमा परेका घरपरिवारका जनसंख्याको धर्मगत विवरणलाई देखाइएको छ। उक्त तालिकामा हिन्दु धर्म मान्ने ५१७ जना अर्थात ७४.९२ प्रतिशत, बौद्ध धर्म मान्ने ११७ जना अर्थात १६.९५ प्रतिशत र क्रिश्चियन धर्म मान्ने ५६ जना अर्थात ८.११ प्रतिशत रहेका छन। हाम्रो देश हिन्दु राष्ट्र भएकोले सबैभन्दा बढि घरपरिवारका सदस्यले हिन्दु धर्म मान्ने गरेको पाइयो।

### ४.२.४ लिङ्गको आधारमा जनसंख्या (Population by Gener)

जनसंख्या बनोटको मुख्य आधार लिङ्गलाई लिन सकिन्छ। यस अध्ययनमा नमूना छनोटमा परेका ११७ घरपरिवारका ६९० जनामध्ये कति महिला कति पुरुष छन ? भन्ने बारेमा निम्नलिखित तालिकामा प्रष्ट पारिएको छ।

**तालिका ४.८**

**लिङ्गका आधारमा जनसंख्या -२०७२**

| क.स. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३१० | ४४.९२ |
| २ | महिला | ३८० | ५५.०७ |
| | | ६९० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२।

माथिको तालिका ४.८ अनुसार नमूना छनोटमा परेका घरपरिवार कुल जनसंख्यालाई लिङ्गको आधारमा देखाइएको छ। उक्त तालिकामा पुरुष ३१० अर्थात ४४.९२

प्रतिशत र महिला ३८० अर्थात ५५.०७ प्रतिशत रहेको पाइएको छ । जहाँ पुरुषभन्दा महिलाको जनसंख्या उच्च रहेको पाइएको छ ।

### ४.२.५ नमुना छनोटमा परेका व्यक्तिको विश्लेषणात्मक अध्ययन (Analitically study of sampled person's)

नमुना छनोटमा परेका १०० जना सम्पूर्ण सानिपाखा सामुदायिक वन उपभोक्ता समुहका सदस्यहरु हुन भने १ कार्य समितीका अध्यक्ष र १ सचिव पनि नमुना छनोटमा परका छन । सामुदायिक वनले स्थानिय क्षत्रमा गरेको खर्चले नमुना छनोटमा परेका व्यक्तिका घरपरिवारको पनि औसत आम्दानीमा वृदि भएको देखिन्छ । वनको आयको स्रोत हेरी संचालन हुने विभिन्न कार्यक्रमले गर्दा केहिमात्रामा भएपनि नमुना छनोटमा परेका व्यक्तिका घरपरिवारका सदस्यले रोजगारी पाएका छन । सामुदायिक वनवाट प्राप्त आयस्रोतलाई शैक्षिक क्षेत्रमा लगानी गरी स्थानिय बिद्यालय पढ्ने बालवालिकाको शैक्षिक स्थितिलाई उकास्न मद्धत मिलि सुनौलो भविष्यको मार्गदर्शक बनेको छ ।

## ४.३ सामुदायिक वनको वर्तमान अवस्था (Present Condition of Sampling Forest)

### ४.३.१ सामुदायिक वनले ओगटेको क्षेत्रफल (Area of Community Forest )

परापूर्वकाल देखि संरक्षण र उपभोग गर्दै आएका स्थानीय समुदायलाई उनीहरुको सामूहिक हितको लागि नेपाल सरकारको कार्ययोजना बमोजिम वनको विकास संरक्षण उपयोग र व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरेरबिक्री वितरण गर्न पाउने गरी जिल्ला वन कार्यालय पर्वतले विधिवत रुपमा सुम्पिएको वन हो । यस वनको क्षेत्रफल ६.३ हेक्टर रहेको छ । यस समितिमा २४८० उपभोक्ता संख्या रहेको छ । यस अन्तर्गत उक्त उपभोक्ता संख्यालाई विभिन्न टोलीमा विभाजन गरी कार्यभार सुम्पिएको छ । कटुवाचौपारी गा.वि.स.को वडा नं. ८ का सम्पूर्ण जनतालाई यसले समेटेको छ भने वडा नं. ९ का केही जनतालाई पनि समेटेको छ ।

यस सामुदायिक वनमा विभिन्न किसिमका प्रजातीका रुखहरु पाइन्छन् । खोटे गोब्रे सल्लो, धुपी सल्लो, लौंठ फलाट गुराष, खयर सिमल आदि यहाँका मुख्य रुखहरु हुन् । यस वनमा बाघ, भालु, चितुवा घारल, थार, मृग, बाँदर खरायो, ब्वाँसो स्याल आदि जनावर

पाइन्छन् भन कालीज, च्याखुरा तित्रा प्यूरो, जुरेली, भगेरा, काग, मुनाल, कोइली, काठे चिल, भ्याकुर, आदि चराचुरुंगी पाइन्छन्

### ४.३.२ सामुदायिक वनमा रोजगारीको अवस्था (Employmen Condition of Community Forest)

यस सानिपाखा सामुदायिक वन कमिटिमा हाल ९ सदस्यीय कार्यसमिति रहेको जसमा १ जना अध्यक्ष  हुनुहुन्छ भने ४ जना महिला सदस्यको पनि प्रतिनिधित्व रहेको छ । यस वन अन्तर्गत हाल ५ जना व्यक्तिहरुले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । जसमा २ जना बन हेराला (वनपाले) १ जना कार्यालय सचिव (व्यवस्थापक) र २ जना अन्य रहेका छन् ।

सामुदायिक वनलाई व्यवस्थापनको कार्य गर्दै वार्षिक ५-१० लाखको कारोवार गर्दै प्रभावकारी रुपमा यो वन सञ्चालित छ । यहाँका अधिकांश उपभोक्ता कृषि पेशामा संलग्न रहेको पाइन्छ  शिक्षाको क्षेत्रमा कटुवाचौपारी गा.वि.स. को सबैभन्दा शिक्षित क्षेत्रको रुपमा गनिन्छ (मानिन्छ) । आफ्नो संस्कृति अनुसार चाडपर्व मनाउने यहाँका उपभोक्ता सम्पूर्ण हिन्दुधर्म मान्ने मानिसहरु छन् । यस क्षेत्रमा ७० जना जति विभिन्न संघसंस्थामा आवद्ध छ र कृषि तथा पशुपालन क्षेत्रमा ४३३ जना व्यापारमा ११ जना उपभोक्ताले आफ्नो व्यवसाय गर्दै आएका हुन । यिनै उपभोक्ताबाट वनको संरक्षण सम्बन्धन र विकास गर्दै सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा सानिपाखा सामुदायिक वनको उल्लेख्य भूमिका रहेके छ ।

### ४.३.३ सामुदायिक वनका भावी कार्यक्रमहरु (Future Programme of Community Forest)

विगतका वर्षहरुमा जस्तै चालु आर्थिक वर्ष तथा आगामी वर्षहरुमा समेत विगतमा भएका आर्थिक, सामाजिक क्षेत्रका कार्यक्रमहरुलई अध्ययन, मूल्यांकन र पुर्नविचार गरी निरन्तरता दिने योजना रहेको वन समितिले जानकारी दिएको छ । यसै सन्दर्भमा चालु आ.व. २०७२-७३ का लागि स्थानीय क्षेत्रको आर्थिक, सामाजिक र शैक्षिक विकासमा सामुदायिक र शैक्षिक विकासमा सामुदायिक वन उपभोक्ता समितिले गर्ने योगदानको लागि तयार गरिएका कार्यक्रमहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका ४.९

## चालु आर्थिक वर्षका कार्यक्रमहरु

| क्र.सं. | कार्य विवरण | विनियोजित रकम | औसत प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालयलाई अनुदान | ११५००० | २८.१९ |
| २ | सरस्वती मन्दिरलाई सहयोग | १७००० | ४.१७ |
| ३ | हटिया आयुर्वेदिकको छाना मर्मत | १०००० | २.४५ |
| ४ | देउपुजा तटबन्धन | २५००० | ६.१३ |
| ५ | गरिवी निवारण कार्यक्रम | ३५००० | ८.५८ |
| ६ | वृक्षारोपण | ३०००० | ७.३५ |
| ७ | कटुवा बाटो मर्ष्मत | १६००० | ३.९२ |
| ८ | बाखा र बंगुर पालन | ७५००० | १८.३८ |
| ९ | सिलाइ कटाइ तालिम संचालन | २०००० | ४.९० |
| १० | अन्य विविध | ६५०० | १.५९ |
| | जम्मा | ३४९५०० | १००.०० |

स्रोतः सामुदायिक वनको वार्षिक कार्ययोजना, २०७२ ।

तालिकामा प्रस्तुत तथ्यांकले विगतका वर्षहरुमा जस्तै यो चाल आर्थिक वर्षमा ३ लाख ४९ हजार ५ सय रुपैयाँ बराबरको लगानी सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा गर्ने योजना बनाएको देखिन्छ । अध्ययनको सहजता र प्रस्तुतिकरणको प्रष्टताको लागि यो तथ्यांकलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**स्तम्भ चित्र १**

**चालु आ.व. का कार्यक्रमहरु**




स्रोतः तालिका ४.९ ।

माथिको स्तम्भ चित्रले चालु आर्थिक वर्षमा सानिपाखा सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको आर्थिक, सामाजिक तथा शैक्षिक विकासमा लगानी गर्न तय गरेको कार्ययोजनालाई चित्रात्मक ढंगले प्रस्तुत गरिएको छ । उक्त तालिकामा रु ७५००० बाखा र बंगुर पालनमा, गरिवी निवारण कार्यक्रममा रु ३५००० सिलाइ कटाई तालिममा रु २०००० गरि जम्मा रु १३०००० आर्थिक क्षेत्रमा छुट्याइएको छ । त्यसैगरि विद्यालयलाई अनुदान रु ११५०००, विद्यालयको तटबन्धनमा रु २५००० गरि जम्मा रु १४०००० शैक्षिक क्षेत्रमा छुट्याइएको छ । त्यसैगरि मन्दिरलाई सहयोग रु १७०००, छाना मर्मतमा रु १००००, वृक्षारोपणमा रु ३००००, बाटो मर्मतमा रु १६००० र अन्य रु ६५०० गरि जम्मा रु ७९५०० सामाजिक क्षेत्रमा छुट्याइएको छ ।

वन उपभोक्ता समितिको वर्तमान कार्यसमितिका पदाधिकारीहरुसँगको समूहिक छलफलमा जनाइए अनुसार हाल चालु कार्यक्रमलाई तिनको प्रभावकारिता मूल्यांकन गरी आउँदा दिनहरुमा अझ महत्वका साथ अगाडि बढाउने योजना रहेको छ । साथै लगानी गर्नुपर्ने सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रको अन्य कार्यक्षेत्रहरु पनि पहिचान गरी आवशयकता अनुसार लगानी गर्दै स्थानीय क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्य वन उपभोक्ता समितिको रहेको देखिन्छ ।

## ४.४ सामुदायिक वनको आर्थिक अवस्था (Economic Conditon of Community Forest)

यस सामुदायिक वनको आर्थिक अवस्थाको बारेमा अध्ययन गर्दा यस सामुदायिक वनको आम्दानी र खर्चको बारेमा अध्ययन गर्न आवश्यक मानिन्छ। यसैले यस सामुदायिक वनको आर्थिक अवस्था सकारात्मक वा नकारात्मक के कस्तो किसिमको रहेको छ ? भन्ने कुरा निम्नलिखित उपशीर्षकबाट प्रष्ट पारिएको छ।

### ४.४.१ सामुदायिक वनको वार्षिक स्रोतगत आम्दानी र खर्च विवरण (Yearly Income and Expenditure Sources of Community Forest)

सानिपाखा सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आम्दानी र खर्च विवरण तालिका ६ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.१०**

**वन समितिको वार्षिक आम्दानी र खर्च विवरण**

| आयको विवरण | रकम रु. | व्यय विवरण | रकम रु. |
|---|---|---|---|
| काठको गोलीया | १३०००० | कर्मचारी तलब | ३५००० |
| सदस्यता शुल्क | २०००० | बैठक भत्ता | १७००० |
| दाउरा बिक्री | ७०००० | मसलन्द कार्यालय सामान | ७००० |
| घास पुर्जि | १५००० | भ्रमण | ८००० |
| नविकरण शुलक | २३००० | छपाइ प्राविधिक खर्च | १०००० |
| पुर्जी | ८००० | सूचना र विज्ञापन | २०००० |
| जडिबुटि शुल्क | ५३००० | ज्याला | ११००० |
| बैंक ब्याज | १३०० | बिजुली बत्तिको | १५०० |
| दण्ड जरिवाना | ११००० | फर्निचर | ७००० |
| अन्य आय | २५००० | काठ दाउरा संकलन | ७०००० |
| निवेदन दस्तुर | १३००० | बाटो निर्माण | ८०००० |
| फारम शुल्क | ५००० | अनुदान | २५००० |
| कु काठ वन पैदावार बिक्री | ४००० | वृक्षारोपण | १०००० |
| खोटोबाट | ८०००० | विविध | २०००० |
| जम्मा | ४५८३०० | | ३२१५०० |

स्रोत : सानिपाखा सामुदायिक वन उपभोक्ता समितिको वार्षिक प्रतिवेदन।

तलिका ४.१० अनुसार वन उपभोक्ता समितिले आफ्नो जम्मा आम्दानी ४,५८,३००।- रुपयाँ रहेको छ भने खर्च रु ३२१५०० रुपयाँ रहेको छ । आय विवरण लाई हेर्दा सवैभन्दा वढी आय स्रोतको क्षेत्रहरुमा काठको गोलियाबाट रु १३००००, खोटो संकलनबाट रु ८०००० र दाउरा बिक्रि बाट रु ७०००० रहेको छ त्यसैगरि अन्य स्रोतहरुमा वन पैदावर बिक्री तथा सदस्यता शुल्क नविकरण लगायत वन पैदावार चोरी निकासी गर्नेहरुबाट दण्ड जरिवाना, घाँस पुर्जि, निवेदन दस्तुर, फारम शुल्क गरेर आफ्नो सामुदायिक वनको आय आम्दानी भएको देखिन्छ । यो सामुदायिक वन स्थापना भएको कम समय भएका कारणले आम्दानी पनि कम भएको देखिन्छ ।

त्यस्तै व्यय तर्फ रु ३२१५०० खर्च भएको देखिन्छ जसमा कर्मचारी तलव रु ३५०००, बैठक भत्ता रु १७०००, कार्यालय सामानमा रु ७०००, भ्रमणमा रु ८०००, छपाई खर्च रु १००००, विज्ञापनमा रु २००००, ज्यालामा रु ११००० बत्तिको रु १५००, फर्निचर र काठ दाउरा संकलनमा रु ७७०००, बाटो निर्माणमा रु ८००००, अनुदान र वृक्षारोपणमा रु ३५००० र विविधमा रु २०००० खर्च गरिएको छ । तालिका अनुसार ब्यय भन्दा आय वढी रहेको छ ।

## ४.५ सामाजिक क्षेत्रमा पारेको प्रभाव (Affect of Community Forest on Social Sector)

सानिपाखा सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको सामाजिक विकासमा पुऱ्याएको योगदान र त्यसबाट पर्ने प्रभावको चर्चा निम्न एकाइबाट गरिएको छ ।

### ४.५.१ उपभोक्ताको सामाजिक अवस्था (Social Condition of User's)

वि.सं. २०५१ सालमा सानिपाखा सामुदायिक वन उपभोक्ता समितिको गठन भई सामुदायिक वन संरक्षण सम्बर्द्धन र उपयोग सामाजिक तहबाट हुन थालेपछि उपभोक्ताको जीवनशैलीमा विस्तार विस्तारै परिवर्तन आउन थालेको देखिन्छ । समितिको गठन सँगै वन संरक्षण र विस्तार अभियानले तिव्रता पाएको थियो जसले गर्दा उपभोक्ताले वन पैदावारको उपभोगमा सहजता अनुभव गर्न थालेको पाइन्छ । जबदेखि सामुदायिक वन उपभोक्ता समितिले स्थानीय उपभोक्ताको हितलाई मध्यनजर गर्दै सहुलियत दरमा काठ, दाउरा उपलब्ध गराउने तथा अनुदान स्वरुप प्रदान गर्ने र वन पैदावारको बिक्रीबाट प्राप्त आर्थिक

स्रोतलाई स्थानीय क्षेत्रको सामाजिक विकासमा तथा आर्थिक विकासमा लगानी सुरु गर्‍यो । यसको प्रभाव उपभोक्ताहरुको जीवनयापनमा सहजता ल्याउनका साथै उनीहरुको जीवनशैली नै परिवर्तन भएको पाइयो । यसबाट वनले स्थानीय क्षेत्रको सामाजिक विकासमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो संकलित सम्पूर्ण तथ्याङ्कको विश्लेषणबाट स्थानीय क्षेत्रको विकास तथा उपभोक्ताको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्थामा परिवर्तन ल्याउन सामुदायिक वन उपभोक्ता समितिको उल्लेख्य भूमिका रहेको देखिन्छ ।

### ४.५.२ बाटो निर्माण तथा मर्मत

सानिपाखा सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको विकासमा टेवा पुर्‍याउने उद्देश्यले शुरु गरेको अभियान नै स्थानीय बाटो तथा पुरानो बाटो मर्मतमा पनि उल्लेखनीय लगानी गर्ने गरेको पाइयो । सामुदायिक वन समितिले पछिल्ला ३ वर्षमा यस क्षेत्रमा गरेको लगानीलाई निम्न तालिकमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**बाटो निर्माण तथा मर्मत**

| आ.व. | बाटो निर्माण तथा मर्मत | सहयोग रकम रु. |
|---|---|---|
| २०६९-७० | सडक १ | २२००० |
| २०७०-७१ | बाटो २ | ८०००० + श्रमदान |
| २०७१-७२ | बाटो मर्मत २ | २५००० |
| | जम्मा | १२७००० |

स्रोत : स्थलगत सर्वेक्षण अध्ययन ।

तालिका ४.११ ले स्थानीय क्षेत्रको भौतिक निर्माण तथा विकासमा सामुदायिक वन उपभोक्ता समितिले गरेको सहयोगलाई देखाएको छ । जसमा समितिले १ लाख २७ हजार रुपैयाँको लागतमा र स्थानीय जनताको श्रमदानमा आ.व. २०६९-७० मा कटुवा देखि हटियासम्मको सडक निर्माण गरेको देखियो । आर्थिक वर्ष २०७०-७१ मा स्थानीय हटिया जाने बाटो र डाढा जानेबाटो रु. ८० हजारको लगानीमा निर्माण गरेको पाइयो । त्यसैगरी आर्थिक वर्ष २०७१-७२ मा स्थानीय सार्वजनिक मा.वि.देखि हटिया  जाने बाटो मर्मत भएको पाइयो ।

यी विभिन्न बाटो तथा सडक निर्माणले गर्दा स्थानीय उपभोक्ताहरुले विदालय आउन सहज भएको विभिन्न खाद्यान्न सामग्री ढुवानी गर्न श्रमिकको सट्टा गाडिको प्रयोग गरेको, कम उमेर समूहका बालबालिका, अपाङ्गहरुले पनि सहज रुपमा विद्यालय आउन सफल भएका छन् । यी विविध सकारात्मक प्रभावका साथे स्थानीय तहमा विकृति पनि फैलिएको पाइयो जसले स्थानीय तहमा पहिलेको तुलनानामा खर्च बढी भएको पाइयो ।

### ४.५.३ बाँध निर्माण तथा मर्मत

सानिपाखा सामुदायिक वनको आफ्नो प्रभाव क्षेत्रभित्र पर्ने स्थानीय क्षेत्रको भौतिक विकास तथा उपभेक्ताको आर्थिक स्तर वृद्धि गर्ने उद्देश्य अनुरुप सामुदायिक वन उपभोक्ता समितिबाट भएका कार्यहरु मध्ये बाँध निर्माण तथा मर्मत पनि एक हो । २०५६ सालमा मल्याङदी नदीमा आएको भिषण बाढीले श्री सार्वजनिक मा.वि.का सम्पूर्ण भवन बगाएपछि जिल्ला विकास समितिले नियमित रुपमा अनुदान दिँदै आए पनि आर्थिक वर्ष २०६८-६९ सालमा सानिपाखा सामुदायिक वन उपभोक्ता समितिले पनि १ लाख ४० हजार अनुदान दिई बाँध निर्माण गरेको पाइयो । जसलाई निम्नतालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२**

**तार जाली सहयोग**

| खोला | तारजी | मूल्य |
|---|---|---|
| मल्याङदी नदी किनारमा | ४० थान | १४०,०००।- |
| जम्मा | ४० थान | १४०,०००।- |

स्रोत : वनको प्रतिवेदन, २०६९ ।

तालिका ४.१२ अनुसार २०५६ सालमा आएको बाढी पछि नियमित रुपमा स्कुलको जमिन कटान गर्दै आएपछि श्री भिम शर्मा र केशव लामिछाने संयोजकत्वमा कमिटी गठन गरी ४० थान जाली सहयोग गरी बाँध निर्माण गरेको पाइयो जसले विद्यालयको जमिन र भवन बचाउनु यसको सकारात्मक पाटो रहेको छ ।

### ४.५.४ खानेपानी सहयोग

स्थानीय क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने सामुदायिक वन उपभोक्ता समितिको उद्देश्य अनुसार उपभोक्तालाई थप खानेपानी उपलब्ध गराउन समितिले निम्न अनुसार सहयोग उपलब्ध गराएको देखिन्छ।

**तालिका ४.१३**

**खानेपानी सहयोग**

| आ.व. | योजना संख्या | सहयोग रकम |
|---|---|---|
| २०६६-६७ | मूलपानी खानेपानी योजना | ७०,००० |
| २०६७-६८ | गहते खानेपानी योजना | ३०,००० |
| | जम्मा | १००००० |

स्रोत : स्थलगत सर्वेक्षण अध्ययन, २०७२।

तालिका ९ मा प्रस्तुत तथ्यांक अनुसार यस सामुदायिक वन उपभोक्ता समितिले २ वटा खानेपानी आयोजनाको संयोजक भई श्री हरिकृष्ण तिवारीलाई तोकी निजले विभिन्न कार्यक्रम सम्पन्न गरी सामुदायिक उपभोक्ता समितिले कूल १ लाख आर्थिक सहयोग उपभोक्तालाई प्रदान गरेको देखिन्छ। जसले स्वच्छ पिउने पानी उपभोग गर्न पएको छ।

### ४.५.५ विविध कार्यक्रम

सामुदायिक वन उपभोक्ता समूहले खानेपानी योजना बाँध निर्माण बाटो निर्माणका लागि आदिका अलावा अन्य विभिन्न कार्यक्रममा सहयोग गर्दै आएको छ। यस उपभोक्ता समितिले सामाजिक मानवीय संवेदना समेतलाई ध्यानमा राखेर आर्थिक अभावका कारण स्वास्थ्य उपचार गर्न गराउन असक्षम तथा नसकिरहेका उपभोक्तालाई केही स्वास्थ्य उपचार खर्च प्रदान गर्न कार्यक्रम पनि अघि सारेको पाइन्छ। स्थानीय क्लबहरुलाई विभिन्न खेलकुद सामग्री पनि उपलब्ध गराएको पाइन्छ। त्यसैगरी डाडामा रहेको सरस्वती मन्दिरको पनि मर्मत गरेको पाइन्छ। विद्यालयका गरिब र पिछडिएका बालबालिकालाई छात्रवृत्ति पनि उपलब्ध गराएको पाइन्छ जसले गर्दा स्थानीय उपभोक्तालाई यी विभिन्न सहयोगले गर्दा उनीहरुको जीवनस्तरमा वृद्धि भएको पाइन्छ। उनीहरको आर्थिक स्थितिमा सुधार भई

साधारण आवश्यकता भन्दा पनि विलासिताका वस्तुहरु खरिद गर्ने गरेको पनि पाइन्छ जुन उपभोक्ताको लागि सकारात्मक प्रभावको रुपमा लिन सकिन्छ ।

## ४.६ सामुदायिक वनले आर्थिक क्षेत्रमा पारेको प्रभाव (Affect of Community Forest on Economic Sector)

सानिपाखा सामुदायिक वन उपभोक्ता समितिले स्थानीय क्षेत्रको आर्थिक विकासमा पुऱ्याएको योगदान र त्यसबाट पर्ने प्रभाव यस प्रकार रहेको छ ।

### ४.६.१ गरिबी निवारण कार्यक्रम

वन उपभोक्ता समितिको वर्तमान कार्य समितिका अनुसार समितिले जिवीकोपार्जनमा गरिबी निवाण कार्यक्रमलाई स्थानीय उपभोक्ताहरुमा अत्यन्तै महत्वका साथ लागू गरिएको छ । आफ्ना उपभोक्ताहरुको गरिबी न्यूनीकरण र निवारणका लागि चालिएको यो कदम मूलत आर्थिक सम्बृद्धिको कदम भएको पनि जनाएको छ । यस कार्यक्रम अन्तर्गत बंगुर, कुखुरा, बाखा पानलाई राखिएको छ । पशुपंक्षी पालनका लागि ऋणको व्यवस्था कार्यक्रम पनि राखिएको छ । सामुदायिक वनले उपभोक्ताको जिवीकोपार्जनमा सहयोग पुग्ने आयमूलक कार्यक्रम सञ्चालन गरिएको पाइएको छ । बाखा तथा बंगुर पालन कार्यक्रम अनुसार बन उपभोक्ता समितिको प्रत्येक टोलीमा १, १ जना गरी तथा अति विपन्न सदस्यलाई समितिको पहिचानका आधारमा वार्षिक ३,४ हजार रुपया अनुदान बाखा तथा बंगुर खरीदका लागि दिने गरिएको छ । यसरी प्राप्त अनुदानबाट खरिद गरिएका बाखा तथा बंगुरबाट जन्मिएका प्रथम बच्चालाई समितिमा फिर्ता गर्नुपर्ने र सो बच्चा त्यस्तै अन्य गरिब तथा विपन्न परिवारलाई वितरण गर्नुपर्ने प्रावधान राखिएको छ जसले व्यवसायलई ठूलो रुपमा फैलिन सहयोग गरेको छ ।

यस बाखा तथा बंगुर पालन व्यवसायले स्थानीय जनताको आयस्तरमा बृद्धि भई जीवनस्तर माथि उठेको पाइन्छ । रोजगारीका अवसरको सृजना भएको पाइन्छ जुन यसको सकारात्मक प्रभाव अन्तर्गत पर्दछ । बंगुर तथा बाखा पालन व्यवसायले गर्दा जथाभावी फोहोर भई नयाँ नयाँ रोगहरु निम्त्याएका छन् । बाखा तथा बंगुरको मासु बिक्री बढी भएपछि त्यहाँका जनताको खर्चमा पनि बृद्धि भएको पाइन्छ । बाखालाई चरिचरनको ठाउँ

कम भएका कारण खेती योग्य जमिनमा कहिलेकाहीँ पस्ने गरेको पाइन्छ जुन नकारात्मक प्रभाव अन्तर्गत पर्दछ ।

### ४.६.२ सहुलियत काठ दाउरा वितरण कार्यक्रम

उपभोक्ताको हितलाई मध्यनजर गरी समितिले सहुलियत दरमा काठ दाउरा वितरणको कार्यक्रम पनि सञ्चालन गरेको पाइन्छ । यस अन्तर्गत उपभोक्ताले स्याउला, घाँस, पात, सुकेको, दाउरा, ठूला रुख बिरुवाहरुहरुलाई नोक्सान नपुऱ्याई उपभोक्तालाई मात्र ल्याउन पाउने व्यवस्था गरेको छ । त्यसैगरी प्रत्येक टोलबाट सामुदायिक वनको सदस्यता लिएका उपभोक्तालाई समितिले ३ महिनाको लागि प्रति सदस्यलाई सहुलियत दरले पटाङ दाउरा उपलब्ध गराएको छ । सामुदायिक वन उपभोक्ता समितिले आय स्रोतको आधारमा 'क' वर्गलाई सम्पन्न 'ख' वर्गलाई मध्यम 'ग' वर्गलाई विपन्न भन्ने र उपभोक्ताको ऋण छुटाइ सहुलियत दरमा दाउरा उपलब्ध गरेको छ । यसरी उपभोक्ताको वर्ग छुट्याई नियम अनुसार उपभोक्तालाई व्यक्तिगत प्रयोजनका लागि उपलब्ध गराउने गरेको छ । केही उपभोक्ताले काठदाउरा सामुदायिक वनबाट सहुलियत दरमा किनेर बजारमा महँगो दरमा बेचेर आय आर्जनको माध्यम पनि बनाएका छन् ।

